जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २७ अंक ४८ २०८२ चैत २२ गते आइतबार (Apr. 5, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## क्रान्तिकारी र मसालद्वारा देश प्रतिगमनमा जानलागेको ठहर

# नेपालमा राजतन्त्र स्थापना हुन सक्ने दाबि



काठमाडौं । नेपालबाट बहुदलीय संसदीय ब्यवस्था अन्त्य हुनलागेको राजनीतिक क्षेत्रमा चर्चा भैरहेकै बेला क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल र नेकपा मसालका महत्वपूर्ण समीक्षात्मक बैठकहरु भएका छन्। दुबै पार्टीले नेपालमा प्रतिगमनको खरतरा देखिएको भन्दै आआफ्नो पार्टी पंक्तिलाई सचेतसमेत गराएका छन्। नेकपा (मसाल) को हालै सम्पन्न केन्द्रीय कार्यालयको बैठकले नवगठित सरकारले अपनाएका नयाँ नीतिबारे छलफल गरेर बर्तमान सरकार फाँसिवादहुँदै अधिनायकवादी दिशातर्फ जानथालेको धारणा व्यक्त गरेको छ। बैठकपछि महामन्त्री मोहनविक्रम सिंहले जारी गर्नुभएको बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ। उहाँले आफ्नो बक्तब्यमा बर्तमान सरकारले स्वतन्त्र बिद्यार्थी यूनियनलाई बन्दगर्ने, पत्रपत्रिकालाई विज्ञापन दिन बन्दगर्ने, ट्रेड यूनियन बन्द गर्नेसमेत निर्णय गरेर आफ्ना भाबि कदमबारे संकेत गरेको बताउनु भएको छ। उहाँले बक्तब्यमा यी सामान्य प्रकारका निर्णय होइनन्। यी निर्णयले वर्तमान सरकारले फाँसीवादी दिशा लिनथालेको देखिन्छ। त्यसकारण हाम्रो पार्टीले सरकारका त्यस प्रकारका निर्णयको कडा शब्दमा भर्त्सना गर्दछ र तिनीहरुलाई तुरुन्त फिर्ता लिन माग गर्दछ भन्नुभएको छ। उहाँले बक्तब्यमा सरकारले शुरुमै जुन कदम उठाएको छ, त्यसबाट आउने दिनमा देशमा पूरैनै फाँसिवादी शासन कायम हुने संकेत दिन्छ भन्नुभएको छ। उहाँले सरकारले संविधानको संशोधनको बहस चलाउनका लागि गठन गरेको कार्यदलमाथि पनि प्रश्न उठाउनुभएको छ। उहाँले सो कार्य दलमा पहिले राजा आउ, देश बचाउजस्ता स्टाटस राखेर राजावादीकोरुपमा आफ्नो परिचय दिइसकेका ब्यक्तिलाई राखिएकोमा आपत्ति पनि जनाउनु भएको छ। उहाँले एकातिर ट्रेड यूनियन, बिद्यार्थी, पत्रकार आदिको स्वतन्त्रतामाथि अंकुश लगाएर दलीय प्रणालीको आधारलाई कमजोरपार्ने प्रयत्न अर्कोतिर राजापरस्त विचारका लागि बदनाम भएका व्यक्तिलाई संविधानमा संशोधन बहसपत्रसम्बन्धी कार्यदलको प्रमुख बनाएर कहीं वर्तमान सरकारले राजतन्त्र पुनर्स्थापनाको लागि प्रयत्नगर्न थालेको त होइन ? भन्ने प्रश्न पनि गर्नुभएको छ। त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालको गतसाता मा दाङमा भएको केन्द्रीय समितिको पाँचौं पूर्णबैठकले पनि देश प्रतिगमनतिर जान लागेको ठहर गरेको छ। सो बैठकले **बाँकी ८ पेजमा**

## सत्ता राजनीतिमा उपसभामुख निर्णायक हुने

काठमाडौं। सत्ता राजनीतिमा प्रतिनिधिसभाको उपसभामुख पद निर्णायक हुनेभएको छ। सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डिपी अर्याल निर्विरोध निर्वाचित हुनुभएको छ। उहाँ निर्वाचित भएको औपचारिक घोषणा आज २२ गते गरिँदैछ। आजै उहाँको सपथ हुने र उहाँले कार्यभार सम्हाल्ने कार्यक्रम छ। उपसभामुखमा भने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी र श्रम संस्कृति पार्टीले दाबि गरेका छन्। सो पदमा एमाले र राप्रपाबाट पनि दाबि हुने संभावना रहेको छ। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राईले सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो पार्टीले उपसभामुखमा महिला उम्मेदवार खडागर्ने बताउनु भएको छ। उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीलाई संकेतगर्दै नयाँ भनिएको दलले आफ्नो दलको उम्मेदवारलाई मतदिने विश्वाससमेत व्यक्त गर्नुभएको छ। सभामुख पदका लागि गत १९ गते बिहान ११ बजेदेखि दिउँसो दुईबजेसम्म मनोनयन दर्ताको समय तयगरिएको थियो। निर्धारित समयमा अर्यालको एकल उम्मेदवारी परेको थियो। रास्वपा एक्लैको करिब दुईतिहाइ बहुमत भएकाले विपक्षी **बाँकी ८ पेजमा**

## पत्रकारहरुद्वारा सरकारलाई दुइदिने अल्टिमेटम

काठमाडौं। पत्रकारहरुले सरकारलाई दुइदिने अल्टिमेटम दिएका छन्भने भोली सामबारसम्ममा पनि आफ्ना माग पूरा नभए आन्दोलनमा जाने तयारी रहेको छ। आन्दोलनको खाका बनेपनि हाल सार्बजनिक गरिएको छैन। नेपाल पत्रकार महासंघले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनमा रोकलगाउने सचिवस्तरीय निर्णयमा आपत्ति जनाएको थियो। महासंघले सो निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग पनि गरेको छ। महासंघले विज्ञप्ति जारीगरी सरकारी सञ्चारमाध्यमबाट मात्रै सरकारी विज्ञापन दिने सरकारको निर्णयबाट निजी सञ्चारमाध्यम बन्दभई श्रमजीवी पत्रकारहरुको रोजीरोटी खोसिने स्थिति उत्पन्न हुनेभन्दै सो निर्णयप्रति आपत्ति जनाएको हो। महासंघले कोरोना कहर र जेनजी आन्दोलनको कारण आर्थिक संकट व्यहोरिरहेका निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन रोकलगाउने सचिवस्तरीय निर्णयप्रति महासंघ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछभने यसले प्रेस सेन्सरसिपको अवस्था सिर्जनाभई **बाँकी ८ पेजमा**

## यातायात व्यवसायीले आफै भाडा बढाउने

काठमाडौं। यातायात व्यवसायीले आफै भाडा बढाउने तयारी गरेको थाहाभएको छ। यातायात व्यवसायीले सरकारले पेट्रोलियम पदार्थको मूल्यमा लगातार वृद्धिगरेपनि सार्वजनिक यातायातको भाडा समायोजन नगरेकोभन्दै सेवानै बन्दगर्ने चेतावनी समेत दिएका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भाडा बढाउन आग्रहगर्दै भाडा नबढाए यातायात सेवानै ठप्पपार्ने चेतावनी दिएको छ। यातायात व्यवसायीले आयल निगमले छोटो अन्तरालमै तीन पटकसम्म डिजेल र पेट्रोलको मूल्य बढाएर पनि सवारी साधनको भाडा नबढाएकोभन्दै तत्काल भाडा वृद्धिगर्न माग गरेका छन्। महासंघले अब पनि सरकारले भाडा नबढाए देशभरको यातायात सेवा ठप्पपार्ने वा आफैं भाडादर घोषणागर्ने चेतावनी दिएको छ। हवाई इन्धनको मूल्य बढ्ने बित्तिकै हवाईभाडा तत्काल समायोजन हुने तर लाखौं सर्वसाधारण जोडिएको सार्वजनिक यातायातको हकमा सरकारले बेवास्ता गरेकोभन्दै आफैं भाडा वृद्धिगर्ने घोषणा गरेको छ। महासंघका महासचिव डेकनाथ गौतमद्वारा जारी विज्ञप्तिमा यातायात व्यवस्था **बाँकी ८ पेजमा**

## केपी ओली नहुँदा एमालेमा भाँडभैलो

काठमाडौं। एमालेमा अध्यक्ष केपी ओली नहुँदा भाँडभैलो देखिएको छ। अध्यक्ष ओलीलाई जेनजी आन्दोलन दबाउन सक्रिय भएको आरोपमा पक्राउ गरिए पछि सो पार्टीमा नेतृत्व हत्याउने होड चलेको जानकारहरुले बताएका छन्। गत १९ गतेको पहिलो संसद बैठकमा एमालेका कार्यबाहक अध्यक्ष तथा संसदीय दलका नेता रामबहादुर थापाले दिएको सम्बोधनको पाठलाई कतिपयले बिवादको बिषय बनाउने प्रयासगरेका छन्। भनिन्छ एमालेको पार्टी नेतृत्व माओवादी पृष्ठभूमिका रामबहादुर थापाको हातमा पुगेको कतिपय नेताहरुलाई चित्त बुझेको छैन्। एमालेको गत साता भएको सचिवालय बैठकमा देशको समसामयिक राजनीतिबारे समीक्षा हुनुका साथै अध्यक्ष केपी ओलीको पक्राउ र स्वास्थ्य अवस्थाबारे चिन्ता ब्यक्त भएको थियो। ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा भएको सातौं केन्द्रीय सचिवालय बैठकले निर्वाचनको संक्षिप्त समीक्षागर्दै निर्वाचनमार्फत अभिव्यक्त भएको **बाँकी ८ पेजमा**

## बिभिन्न बहानामा गिरफ्तारी बढ्दो

काठमाडौं। बर्तमान सरकारले सत्ता सम्हाले लगत्तैबाट देशैभर बिभिन्न बहानामा गिरफ्तारी बढाएर लगेको छ। मालपोत, नापि र यातायात कार्यालय लगायतबाट सयौं ब्यक्ति पक्राउ परेका छन्भने अब गुण्डागर्दीको आरोपमा पक्राउ थालेको छ। यसैक्रममा काठमाडौंका बिभिन्न ठाउँमा गुण्डागर्दी गरेको आरोपमा १८ जनालाई प्रहरीले पक्राउगरेको थाहाभएको छ। जिल्ला प्रहरी परिसर काठमाडौं र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले छुट्टाछुट्टै टोली खटाएर गुण्डागर्दीमा संलग्न हरुलाई पक्राउ गरेको बताइएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईकाअनुसार प्रहरीले गत शुक्रबार राति अपरेसन सेफ्टी काठमाडौं सञ्चालन गरेको थियो। परिसरले **बाँकी ८ पेजमा**

## कांग्रेसमा गगन थापाको पद धरापमा

काठमाडौं। नेपाली काँग्रेसमा गगन थापा र बिश्वप्रकाश शर्माको पद धरापमा परेको चर्चा शुरुभएको छ। शेरबहादुर देउवा र गगन थापा समूहका बीचमा सानान्तर गतिविधि निरन्तर चलिरहेको अवस्थामा केही नेताहरुले एकताको प्रस्ताव गरेपछि गगनको पद धरापमा परेको हो।



नियमित महाधिवेशन र बिशेष महाधिवेशन पक्षधरहरुका बीचमा एकता गर्न/गराउनका लागि नयाँ नेताको नेतृत्वमा तदर्थ समिति बनाएर जाने प्रस्ताव गरिएको छ। पार्टीको १५औं महाधिवेशन कहिलेगर्ने भन्ने विषयको बिवादका कारण विभाजित काँग्रेसका दुवै पक्ष फागुन २१ को निर्वाचनपछि पनि लगातार समानान्तर गतिविधिमै क्रियाशील रहेका छन्। काँग्रेसमै देउवाको नतृत्वप्रति असन्तुष्ट र महाधिवेशन चाँडै गर्नपर्ने पक्षमा मत राख्दै आएको गगन थापा समूहले गत पुसमै विशेष महाधिवेशन गरेर नयाँ कमिटि तयगरेको थियो। तर देउवा पक्षलेभने गगनको नेतृत्वमा बनेको नयाँ कमिटिलाई अस्वीकार गरेको छ। गगन थापा र **बाँकी ८ पेजमा**

## पेट्रोलियम पदार्थको मूल्य बृद्धि रहस्यपूर्ण

काठमाडौं। नेपालमा पेट्रोलियम पदार्थको मूल्य बृद्धि सहस्यपूर्ण रहेको बताउन थालिएको छ। भारतले मूल्य बृद्धि नगर्दै नेपालले मूल्यबृद्धि गरेकोभन्दै कतिपयले सरकारको आलोचना पनि गरेका छन्। नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य फेरी वृद्धिगरेको छ। पछिल्लो पटक मूल्य वृद्धिगरेको एक सातामै निगमले १९ गते मध्यरातदेखि लागूहुनेगरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रुपैयाँले वृद्धिगरेको हो। त्यसअघि निगमले गत ११ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो। निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १९९ रुपैयाँ ५० पैसा, दोश्रो वर्गमा २०१ रुपैयाँ र तेश्रो वर्गमा २०२ रुपैयाँ तथा डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १७९ **बाँकी ८ पेजमा**

## सहकारीका ठगहरुपनि पक्राउ पर्नथाले

काठमाडौं। सहकारीका गठ भनि कहलाएका पुरानाको मुद्धा किनारा नलाग्दै फेरी नयाँ ठगहरु पक्राउपर्न थालेका छन्। यसैक्रममा गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र गोरखा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेडका पाँचजनालाई प्रहरीले पक्राउ गरेको थाहा भएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरुलाई पक्राउगरेको हो। गौतम श्री सहकारीका व्यवस्थापक रविन विष्ट पक्राउपरेको बताइएको छ। गौतमश्रीको ४७९१ जनाको बचत रकम चार अर्ब छकरोड ३९ लाख ४८ हजार रहेको छ। त्यसमध्ये दुईअर्ब पाँच करोड ९९ लाख २७ हजार ५०३ रुपैयाँ ऋण प्रवाह भएको देखाइएको छ। त्यस बाहेकको विवरण कागजातभने नरहेको प्रहरीको भनाई छ। त्यसैगरी गोरखा सहकारीका अध्यक्ष इमानसिंह राई, प्रमुख कार्यकारी अधिकृत लालबहादुर क्षेत्री, अविनकुमार राई र पूर्व लेखा सदस्य कर्णबहादुर राईलाई पनि पक्राउ गरिएको छ। **बाँकी ८ पेजमा**

## सत्ता संघर्षले संकट बढाएको नेकपाको ठहर

काठमाडौं। लोकनारायण सुवेदी नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले नेपालमा सत्ता संघर्षले राजनीतिक अस्थिरता बढाएको ठहर गरेको छ। सो पार्टीका संयोजक लोकनारायण सुवेदीले एक बक्तब्य प्रकाशितगरी उपरोक्त कुरा बताउनु भएको हो। उहाँले बक्तब्यमा उल्लेख गर्नुभएअनुसार सो पार्टीको केन्द्रिय कार्य सम्पादन समितिको बैठक हालै बसेको थियो। जुम बैठकमा कार्य सम्पादन समितिका सदस्हरु सबैको उपस्थिति रहेको थियो। बैठकले अन्य कुराका अतिरिक्त पछिल्लो राष्ट्रिय राजनीतिक स्थितिकाबारेमा यस्तो प्रारम्भिक मूल्यांकन गरेको पाइएको छ। जसमा देश बिगत लामो समयदेखि चरम भ्रष्टाचार, ब्यापक बेरोजगारी, निरन्तर असुरक्षा,बढ्दो महँगी र कुशासनले ग्रस्त रहँदै आएको

**समाचार विश्लेषण**

र सत्तामा पालै पाले रहेबसेका ठूला दल र तिनको नेताहरुबीच तिनै बिकृति र बिसंगतिको प्रतिस्पर्द्धाका लागि निरन्तर हुनेगरेको सत्ता संघर्षले अस्थिरतमा मात्र बढेको होइन, देश र जनताका मूलभूत समस्या पनि समाधान नभएको र स्थिति झनै जर्जर र कमजोर बनाउँदै लगेको थियो भनिएको छ। बक्तब्यमा भाद्र २४ गते अराजक र पूर्ब नियोजितढंगले संसद भवन, सिंहदरबार, सर्बोच्च अदालत, प्रधानमन्त्री, निबास, राष्ट्रपति निवास, ब्यापारिक प्रतिष्ठान, नीजी निवास भयावह आगजनी, व्यापक तोडफोड, र लुटपाटका शिकार बनेर भस्म भए। यहाँसम्म कि देश र जनताका मूर्धन्य र सर्बोच्च नेता बीपी कोइराला र कमरेड पुष्पलाल समेतका शालीक र प्रतिष्ठनहरु तोडफोडको शिकार बने। देश सरकार र राज्य बिहीन अराजकताको भुँवरीमा पुग्यो। थप ५७ जना मानिसहरु माऐ। जेलहरुबाट संगीन अपराधीहरु पनि छोडिए। यस प्रकारको ठूलो सन्देहास्पद स्थितिमा संबिधान बिपरीत सुशिला कार्की नेतृत्वको सरकार बन्यो। अनि त्यसले यी तमाम घटनाहरुको उचित छानबिन र दोषीलाई **बाँकी ८ पेजमा**

## बिद्यार्थी संगठन खारेजगर्ने निर्णयले हलचल

काठमाडौं। बर्तमान सरकारको बिद्यार्थी संगठन खारेजगर्ने निर्णयले हलचल शुरुभएको छ। नेकांको बिद्यार्थी संगठन नेबिसंघ र एमालेको बिद्यार्थी संगठन अनेरास्ववियु लगायतका १४ वटा बिद्यार्थी संगठनले सरकारको उक्त निर्णय[redacted] आनदोलनमा जाने घो[redacted] छन्। संयुक्त प्रेस वक्तव्य जारीगर्दै उनीहरुले उक्त निर्णयले बिद्यार्थी आन्दोलनको ऐतिहासिक योगदान र शैक्षिक क्षेत्रका वास्तविक समस्यालाई बेवास्ता गरेको आरोप लगाएका छन्। सरकारले मन्त्रिपरिषद् बैठकबाट गत १३ गते स्वीकृत गरेको शैक्षिक सुधार सम्बन्धी बुँदानं. ६८ प्रति ध्यानाकर्षण भएको जनाउँदै बिद्यार्थी संगठनहरुले शिक्षा क्षेत्रका जटिल समस्याहरुको समाधानको नाममा संगठनमाथि प्रतिबन्ध र नियन्त्रणगर्न खोजिएको बताएका छन्। यस्तो निर्णयले दीर्घकालीनरुपमा सकारात्मक परिणाम नदिने उनीहरुको ठहर छ। वक्तव्यमा नेपालमा बिद्यार्थी आन्दोलनले राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय र शैक्षिक सुधारका पक्षमा निरन्तर भूमिका खेलेको छ। इतिहासमा बिद्यार्थी संगठनहरुले खेलेको योगदानलाई नजरअन्दाजगर्नु लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हुने उनीहरुको भनाइ छ। बिद्यार्थी नेताहरुले शिक्षा क्षेत्रमा देखिएका समस्याहरुको वास्तविक कारण पहिचानगरी विस्तृत अध्ययनपछि मात्र नीति निर्माणगर्न सरकारलाई सुझाव पनि दिएका छन्। बि[redacted]न हतारमा गरिएका नि[redacted] संगठनमाथि अनावश्य[redacted] र समस्या झन् ज[redacted] उनीहरुको आरोप छ। [redacted]ले बिद्यार्थी आन्दोलनलाई समयानुकूल पुनर्संरचनागर्दै थप अनुशासित, उत्तरदायी र परिणाममुखी बनाउने प्रयास भइरहेको उल्लेख गरेका छन्। उनीहरुले विचारका आधारमा संगठनमा आबद्ध हुने अधिकार संविधानद्वारा सुनिश्चित मौलिक अधिकार भएकोभन्दै त्यसमा हस्तक्षेपगर्न खोज्नु अस्वीकार्य हुने बताएका छन्। यसैबीच एमालेले सरकारले आफ्नो **बाँकी ८ पेजमा**

## नेपालमा..

केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखक लगायतलाई ज्यान मुद्धाको अभियोगमा पक्राउगर्नु र सुरक्षाकर्मीप्रति फरक मापदण्ड अपनाउनु विधिको शासनविरुद्ध अधिनायकवादी प्रबृत्तिको संकेतकोरुपमा कानूनबिदहरुले लिएका छन्। नेपालमा राजनीतिक दलहरुबीचको बिवादले देशको शासन, विकास र सामाजिक स्थिरतामा गम्भीर नकारात्मक असर पारेको छ। विशेषगरी दलहरुका बीचमा सहकार्यभन्दा अस्वस्थ्य प्रतिस्पर्धा र द्वन्द बढिरहेको देखिएको छ। जसले अझैपनि सरकारहरु बारम्बार परिवर्तन हुने, गठबन्धन भत्किने र नयाँ समीकरण बन्ने संभावनालाई कायमै राखेको छ। त्यसक्रमले स्थिर शासन हुनसकेको छैन। दीर्घकालीन योजना कार्यान्वयनमा बाधा पुऱ्याएको छ। दलहरुबीच सहमति नहुँदा ठूला पूर्वाधार आयोजना, आर्थिक नीति तथा विकास योजनाहरु प्रभावकारीरुपमा अघिबढ्न सकेका छैनन्। अब पनि निर्णय प्रक्रियामा ढिलाइ हुने संभावना यथावत रहेको छ। महत्वपूर्ण कानून तथा नीतिहरु संसदमा लामो समयसम्म अड्किने संभावना देखिएको छ। दलहरुबीच सहमति अभावले विधेयकहरु संसदबाट पारित हुन अझैपनि कठीन हुन्छ। दलहरुबीचको प्रतिस्पर्धा कहिलेकाहीँ व्यक्तिगत स्वार्थ, पद र शक्तिका लागि हुनेहुँदा सुशासन कमजोर हुन्छ र भ्रष्टाचार बढ्ने सम्भावना रहिरहन्छ। यिनै गतिबिधिका कारण नेपाली नागरिकहरुले राजनीतिक दलहरुप्रति विश्वास गुमाउँदै गएका छन्। दलहरुबाट निर्वाचनको समयमा वाचा गरिएका कार्यक्रम पूरा नहुँदा जनआक्रोश बढ्ने गरेको छ। दलहरुको विवादले समाजमा ध्रुवीकरण बढाउँदै लगेको छ। त्यसैले बर्तमान सरकारले आफ्ना नीतिहरुमा परिवर्तन गरेर कम से कम हालको संसदमा रहेका दलहरुकाबीचमा सहमतीय वातावरण बनाउने प्रयास गर्नुपर्दछ। अन्यथा यो सरकार पनि आगामी पाँचबर्ष टिक्न नसक्ने अवस्थता नआउला भन्न सकिन्न। जुन गंभिर शोचनीय बिषय हो।

## नेपालमा..

राष्ट्रिय स्वाधीनताको मुद्धालाई प्रमुख बनाएर संघर्षको कार्यक्रम तयगर्ने निर्णय गरेको छ। पार्टीका महासचिव सीपी गजुरेलको अध्यक्षतामा दाङको घोराहीमा सम्पन्न भएको बैठकले गरेका निर्णयहरुलाई प्रेस वक्तव्य तथा पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिएको थियो। क्रान्तिकारीका प्रवक्ता हेमन्तप्रकाश वलीले जारीगर्नुभएको बक्तब्यमा बैठकमा राष्ट्रिय परिस्थितिको विश्लेषणगर्दै गत फागुन २१ को निर्वाचनले फाँसीवादउन्मुख हालको सरकार निर्वाचित गरेको ठहरगरेको उल्लेख छ। बैठकले राष्ट्रिय स्वाधीनताको पक्षमा प्रमुखताकासाथ कार्यक्रमहरु सञ्चालनगर्ने निर्णय गरेको छ। इरानमाथि अमेरिका र इजरायलले गरेको संयुक्त सैन्य कारवाहीबाट इरानका सर्वोच्च नेता आयोतल्लाह खामेनीसहित उच्च अधिकारीहरुको हत्याको घोर विरोध प्रकटगर्दै इरानको प्रतिरक्षाको समर्थनगर्नुकासाथै इरानमा भएको मानवीय तथा भौतिक क्षतिको क्षतिपूर्तिको मागगरेको छ। अमेरिकाले खाडी क्षेत्रमा आफ्नो बेसक्याम्पहरु निर्माण गरेकोमा ती सैनिक अड्डाहरु हटाउन जोडदार माग गरेको छ। सो पार्टीले जेन जेड विद्रोहको छनविनगर्न गठित गौरीबहादुर कार्की नेतृत्वको छानविन आयोगले गत भाद्र २३ गतेको घटनाका दोषीलाई मात्र कारवाही शिफारिस गरेकोले भाद्र २४ गतेको घटनाको दोषीलाई पनि कारवाहीको माग गरेको छ। भाद्र २४ को घटनाको छानविन गर्नेमा रास्वपा बाहेकका अधिकांश पार्टी रहेका छन्।

## केपी..

जनमतलाई सम्मानगर्ने निर्णय गरेको बैठकपछि उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभएको छ। बैठकले संसदीय दलको नेताको निर्वाचन दलको विधानबमोजिम लोकतान्त्रिक विधिकासाथ सम्पन्न भएको जनाएको छ। त्यस्तै बैठकमा संसदीय दलका नेताले थापाले गर्नुभएको सम्बोधनका सम्बन्धमा गम्भीरतापूर्वक छलफल समेत गरेको उपमहासचिव भट्टले जानकारी दिनुभएको छ। उहाँले मुलुकको संविधान र प्रचलित कानुनबमोजिम निर्माण भएका नेपाली सेनालगायत राज्यका सबै सुरक्षा निकाय, निजामती प्रशासन र अन्तरराष्ट्रिय समुदायप्रति हाम्रो पार्टीको सम्बन्ध पूर्ववत् एवं मित्रवत् रहेको उल्लेखगर्दै यस्तो सम्बन्ध भविष्यमा अझ सुदृढ बनाइने बताउनुभएको छ। प्रहरीले एमालेका अध्यक्ष केपी ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकले गत भदौ २३ को घटनामा गोली चलाउन आदेश दिएको प्रमाण जुटाउन नसकेको थाहाभएको छ। यसैक्रममा जिल्ला अदालत काठमाडौंले ओली र लेखकलाई थप दुई दिन थुनामा राखेर अनुसन्धानगर्न अनुमति दिएकोमा उक्त म्याद पनि आज आइतबार सकिँदै छ। अदालतले गत १५ गते पाँच दिन म्याद थपको अनुमति दिएकोमा सो म्याद सकिएपछि दुईदिन म्याद थप गरेको हो। ओलीलाई पक्राउ गरिएको विषयमा गृहमन्त्री सुदन गुरुङले गत शुक्रबार सर्वोच्च अदालतमा लिखित जबाफ पेश गर्नुभएको थियो। गुरुङले आफ्नो लिखित जवाफमा जाँचबुझ आयोगको सिफारिस र जाहेरी सम्बन्धमा अनुसन्धानका लागि अधिकारप्राप्त अधिकारीबाट कानून बमोजिम पक्राउ पूर्जी जारी भएको दाबि गर्नुभएको छ। तर हालसम्म कसैले पनि ओलीले गोली चलाउने आदेश दिएको प्रमाणित गर्न/गराउन सकेका छैनन्।

## पेट्रोलियम....

रुपैयाँ ५० पैसा, दोश्रो वर्गमा १८१ रुपैयाँ र तेश्रो वर्गमा १८२ रुपैयाँ तोकेको छ। मूल्य समायोजनसँगै काठमाडौंमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ कायम भएको छ। निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगन्ज, दोश्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेश्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायल डिपोलाई तोकेको छ। अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले स्थानीय बजारमा पनि मूल्य बढाउनुपरेको निगमले जनाएको छ। गत मार्च १६ र ३१ मा इन्डियन आयल कर्पोरेसनबाट प्राप्त खरिद मूल्यअनुसार पेट्रोलको मूल्यमा प्रतिलिटर ४७.१२ रुपैयाँ र डिजेलमा प्रतिलिटर १३३.४५ रुपैयाँ तथा एलपी ग्याँसमा प्रतिसिलिन्डर ४१६.३७ रुपैयाँ घाटा रहेको निगमले जनाएको छ। अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहने तथा सोहीअनुसार मूल्य समायोजन हुननसक्दा पाक्षिकरुपमा १३ अर्ब २१ करोड रुपैयाँ घाटा भइरहेको निगमको दाबि छ। घाटा रकम बढ्दै जाँदा इन्डियन आयल कर्पोरेसनलाई भुक्तानी दिननसकिने अवस्था सिर्जनाभएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिनुभएको छ। तेलको मूल्य बृद्धिलेगर्दा बजारमा अन्य सामग्रीहरुको समेत मूल्य बृद्धिभएको छ।

## बिभिन्न....

गुण्डागर्दीगरी आफ्नो समूहसमेत बनाउन शुरुगरेका पाँच जनालाई पक्राउगरेको जनाएको छ। श्याम लामाभन्ने व्यक्तिको समूहमा रहेर गुण्डागर्दी गर्दैआएका प्रवीण तामाङ पक्राउपरेको थाहाभएको छ। काठमाडौंको कलंकी-बाफल क्षेत्रमा गुण्डागर्दी गरेको आरोपमा बिर्जु महर्जन पक्राउ पनि परेका छन्। कलंकीको टिकट काउन्टर-पेट्रोल पम्प क्षेत्रमा गुण्डागर्दी गरेको आरोपमा सुजन कार्की पक्राउ परेका छन्। त्यसैगरी स्युचाटार क्षेत्रमा गुण्डागर्दीमा संलग्न रहेको आरोपमा सरु हुमागाईंलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। परिसरले बौद्धक्षेत्रमा लुटपाट तथा गुण्डा गर्दीमा संलग्न रहेको आरोपमा बिकी लामालाई पक्राउ गरेको छ। त्यसैगरी काठमाडौं अपराध अनुसन्धान कार्यालयले पनि १३ जनालाई पक्राउगरेको एसएसपी सन्तोष खड्काले जानकारी दिनुभएको छ। ठमेल, दरबारमार्ग, सामाखुसी क्षेत्रमा गुण्डागर्दी गर्नेहरु पक्राउ परेको प्रहरीको भनाई छ। प्रहरीले स्क्रिनिङका लागि भन्दै ठूलो संख्यामा बिभिन्न व्यक्तिहरुलाई नियन्त्रणमा लिएको थाहा भएको छ। त्यसमा कोको परेका छन्भन्ने खुलाइएको छैन।

## सहकारीका....

गोरखाको बचतकर्ता १० हजार ५९८ रहेका छन्। उनीहरुको चारअर्ब पाँचकरोड ६० लाख ६८ हजार ४५८ रुपैयाँ बचत रहेको छ। एकअर्ब ४९ करोड १६ लाख ३३ हजार ९२४ रुपैयाँ ऋण प्रवाह भएको छभने त्यसबाहेक बाँकी रकमको विवरण नदेखिएको प्रहरीको दाबि छ। प्रवाह भएको ऋणसमेत कमसल धितो, बिना धितो र बैंकमा पहिलेनै रोक्का रहेको धितोलाई आधार बनाइएका कारण असुली हुनसकेको छैन। उक्त सहकारहिरुले बचतकर्ताहरुको बचत फिर्तागर्न नसकेपछि प्रहरमा उजुरी परेर कारवाही अगाडि बढेको हो।

## सत्ता..

दलहरुले उम्मेदवारी दर्तानै गराएनन्। अब आज आइतबार बस्ने प्रतिनिधि सभाको बैठकले औपचारिकरुपमा अर्याललाई सभामुख निर्वाचित भएको घोषणागर्ने छ। प्रतिनिधिसभामा रास्वपा दुईतिहाइ नतिजक छ। सत्तापक्षको स्पष्ट बहुमत भएकाले प्रतिपक्षी दलहरुले सभामुख पदमा उम्मेदवारी दिएनन्। २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाकोमात्रै १८२ सांसद छन्। नेपाली कांग्रेस ३८, एमाले २५, नेपाली कम्युनिष्ट पार्टी १७, श्रम संस्कृति पार्टी ७, राष्ट्रिय प्रजातन्त्र पार्टीका पाँचजना सांसद रहेका छन्। सभामुख अर्यालको शपथ आज आइतबार दिउँसो साढे दुईबजेका लागि तयभएको छ। अब रास्वपाले उपसभामुख पनि लिन पाउने छैनभने पुरुष सभामुख भइसकेको अवस्थामा महिलालाई उपसभामुखमा अघि सार्नुपर्ने भएको छ। रास्वपाले उपसभामुखका लागि जुन पार्टीका उम्मेदवारलाई समर्थन गर्दछ, त्यसैका आधारमा भाबि राजनीति हुने जानकारहरुको भनाई छ।

## पत्रकारहरु....

आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असरपर्ने हाम्रो ठहर छ भनेको छ। सरकारले गतसाता सरकारी सञ्चार माध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारणगर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै संघीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरुलाई समेत परिपत्र गरेको थियो। त्यसैगरी नेकपा मसाल सम्बद्ध प्रगतिशील पत्रकार संघले सरकारी विज्ञापन रोक्ने सरकारको निर्णयको विरोधगर्दै त्यसलाई फिर्तागर्न माग गरेको छ। अध्यक्ष श्यामलाल पोखरेलको हस्ताक्षरमा जारी प्रेसवक्तव्यमा सो माग गरिएको छ। आफ्नो संगठनले साना तथा स्वरोजगारमुखीलाई सरकारी विज्ञापन समानुपातिक प्रकारले बाड्नुपर्ने, लोककल्याणकारी विज्ञापन दोब्बर बनाउनुपर्ने र अनलाइन सञ्चार माध्यमलाई पनि लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने पक्षमा आवाज उठाउँदै आएको स्मरण गराएकोछ। त्यसैगरी अन्य पत्रकार संगठन र संघसंस्थाहरुले पनि सरकारको नयाँ नीतिको बिरोध गरेका छन्।

## यातायात...

विभागले वैज्ञानिक भाडा समायोजन विधिअनुसारगर्न माग गरिएको छ। यात्रुवाहक सवारीमा ११.३३ प्रतिशत र मालवाहक सवारीमा तराई तथा पहाडमा क्रमशः ८.८१ र १४.२९ प्रतिशत भाडा बढाउन सिफारिस गरिसक्दा पनि मन्त्रालयले फाइल थन्काएर राखेको छ। ०७२ सालदेखि १३ वटा मुख्य सूचकहरुका आधारमा भाडा समायोजन नभएको र अहिले दैनिक लाखौं रुपैयाँ घाटा सहेर व्यवसाय सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको विज्ञप्तिमा उल्लेख छ। हालको अवस्थामा यातायात हडताल भएको खण्डमा सरकार गंभिर संकटमा पर्ने अवस्था देखिएको छ।

## कांग्रसमा....

बिश्वप्रकाशले जबरजस्त पार्टी फुटाएकै कारण गत हस्फागुन २१ को निर्वाचनमा नेपाली कांग्रेसले पराजय भोगेको दुर्बतर्फका नेताहरुको निष्कर्ष रहेको छ। देउपा पक्षले आगामी जेठमा र गगन थापा पक्षले आगामी असोजमा १५औं महाधिवशेनगर्ने निर्णय गरेका छन्। बिभाजनकै कारण काँग्रेस नेता एवं पूर्वगृहमन्त्री रमेश लेखक र एमाले अध्यक्ष केपी ओली पक्राउ परेकोबारेमा पनि फरक, फरक धारणहरु बाहिर आएका छन्। त्यसैगरी नेपाली कांग्रेसको संसदीय दलको नेताको चयनसमेत हुनसकिरहेको छैन। देउवा पक्षका कार्यावाहक सभापति पूर्णबहादुर खड्काले एक विज्ञप्ति जारीगर्दै काँग्रेस नेता लेखक र एमाले अध्यक्ष ओलीको पक्राउकोविरुद्ध भर्त्सना गनुभएको छ। उहाँले एमालेसँगै मिलेर सडक संघर्ष गर्ने समेत चेतावनीसमेत दिनुभएको छ। खड्काले लेखक र ओलीको पक्राउ संविधान र कानूनविपरित भन्नुभएको छ। तर गगन पक्षले भने लेखक र ओलीको पक्राउविरुद्ध कुनै सडक संघर्षको घोषणा गरेको छैन। बरु विनाप्रतिशोध उनीहरुमाथि छानविनगर्न सरकारलाई आग्रह गरेको छ। देउवा पक्षले अदालतले कुनै पक्षलाई आधिकारिकता नदिएसम्म समानान्तर गतिविधि गरिरहने रणनीति बनाएको छ। निर्वाचन आयोगले चुनावअघि गगन पक्षको केन्द्रीय कमिटिलाई आधिकारिकता दिएपनि अदालतलेभने अझैसम्म कुनै पक्षलाई आधिकारिकता दिएको छैन। त्यसबारे आज २२ गते कुनै निर्णय आउनसक्ने संभावना रहेको नेपाली कांग्रेस बृत्तमा चर्चाको बिषय भएको छ।

## बिद्यार्थी..

सयबुँदे कार्यसूचीमा बिद्यार्थी संगठन खारेजगर्नेबारे निर्णय लिएकोप्रति आपत्ति जनाउँदै फिर्तालिन माग गरेको छ। पार्टी केन्द्रीय कार्यालय च्यसालमा गतसाता बसेको केन्द्रीय सचिवालय बैठकले उक्त निर्णयबाट पछिहट्न सरकारको ध्यानआकर्षणगर्ने निर्णय लिएको उपमहासचिव लेखराज भट्टले जानकारी दिनुभएको छ। अन्य पार्टीले पनि आआफ्नो बैठक गरेर बिद्यार्थी संगठन र ट्रेड यूनियन खारेजगर्ने सरकारको निर्णयको भत्सर्ना गरेका छन्।

## सत्ता....

कारवाहीको माग व्यापकरुपमा उठेकोले त्यसको निष्पक्ष छानबिन र कारवाहीको सिफारीसका लागि गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबूझ आयोग पनि गठन गर्यो। तर त्यसले एकातिर चुनाव पछिमात्र प्रतिबेदन दियोभने अर्कोतिर आयोगका अध्यक्ष कार्की पूर्वाग्रही रहेको सर्बोच्च अदालतले नै दर्शाइसकेको थियो। बिधिवत सरकारले सार्बजनिक नगरेको भए पनि प्रेसमा आएको त्यो प्रतिवेदन अपूर्ण, पक्षपाती र सन्देहास्पद किसिमको रहेको चर्चा अहिले ब्याप्त छ। यस स्थितिमा सरकारले कानुनी प्रक्रिया पूरा नगरी हतार हतारमा तत्कालै पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलगायतलाई ज्यान मुद्धाको अभियोगमा पक्राउगर्नु र सुरक्षाकर्मीप्रति फरक मापदण्ड अपनाउनु विधिको शासनविरुद्ध अधिनायकबादी प्रबृत्तिको संकेतकोरुपमा बिज्ञहरुले लिइरहेका छन्भने उचित नियमन र ब्यवस्थित गर्नुको साटो जनताले लडेर ल्याएका र संबिधानले प्रत्याभूत गरेका कतिपय जनाधिकार खोस्ने या खारेजगर्ने अभिब्यक्तिले समेत लोकतान्त्रिक मूल्य मान्यता र बिधिको शासनको वकालतगर्ने नवगठित करीब दुइतिहाई मतको यो सरकार शुरुदेखि नै स्वेच्छाचारी तथा फासीवादी दिशातर्फ उन्मुख हुनथालेको आशंका खडा हुन र बढ्नथालेको छ। यसप्रति शुरुदेखि नै खबरदारीगर्दै नवगठित सरकारले नेपाल र नेपाली जनताको हितमा राम्रो काम गरोस्भन्ने नेपाली जनताको सद्कामनाको नेपाल कम्युनिष्ट पार्टी सम्मान प्रकट गर्दछ। बिगतदेखि बिकसित हुँदैआएका समग्र घटनाक्रमका अतिरिक्त देशको अर्थ-राजनीतिक तथा सामाजिक-साँस्कृतिक यथास्थितिमा पहिलदेखिकै बढ्दो बाह्य हस्तक्षेप र भू-राजनीतिक असन्तुलनको चपेटामा पर्दैआएको हाम्रो देश झनै अस्थिरता, अन्योल तथा सम्भावित भीषण द्वन्दको चपेटामापर्ने खतरा सन्निकट हुँदैगएको यथार्थ संकेतप्रति आँखा चिम्लन मिल्दैन भनिएको छ। बक्तब्यमा आजकोजस्तो संगीन घडीमा जनअधिकार, न्याय, समानता, स्वतन्त्रता तथा राष्ट्रिय स्वाधीनता र सम्प्रभूताको रक्षाका लागि सबै साम्राज्यबाद, प्रतिगमन र यथास्थितिबाद बिरोधी देशभक्त, प्रगतिशील, निष्ठाबान कम्युनिष्ट तथा जनतान्त्रिक शक्ति एबं सम्पूर्ण जन समुदालाई अझबढी सचेत,अझ बढी एकताबद्ध र अझबढी संघर्षशील बन्न र सशक्त खबरदारीगर्न एकजुट हुन तथा स्वाधीन राष्ट्रिय एकता निर्माणगर्न आवश्यक रहेको उल्लेख गरिएको छ।

# आजबाट भूतपूर्व सैनिक सम्मेलन हुँदै

काठमाडौं। आजबाट भूतपूर्व सैनिक सम्मेलन हुँदैछ। नेपाली सेनाले करिब ९० हजार अवकाश प्राप्त सैनिकहरु बीच पुनर्मिलन गराउने हेतुले ०७० सालबाट भूतपूर्व सैनिक सम्मेलन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। एक पटकको सिपाही, जीवन रहेसम्म सिपाही रहनेहुँदा अवकाश प्राप्त सैनिकका आश्रित परिवारको शिक्षा र स्वास्थ्यको सुनिश्चिततागर्ने कार्य सैनिक कल्याणकारी कोषले गर्दै आइरहेको छ। हरेक प्रधान सेनापतिको कार्यकालमा एक पटक सञ्चालन गरिने भूतपूर्व सैनिक सम्मेलनलाई वैज्ञानिक र व्यवस्थित बनाउन तीन चरणमा विभाजनगरी प्रत्येक चरणमा योजनाबद्ध तरिकाबाट निश्चित प्रदेशहरुमा कार्यक्रम सञ्चालन गरी तीन बर्षमा समग्र देशभरी कार्यक्रम सञ्चालन हुँदैआइरहेको छ। यस बर्ष सञ्चालन हुने भूपू सैनिक सम्मेलनको मूल भाव भूतपूर्व सैनिक सम्मेलनको प्रण-पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन' रहेको छ। सैनिक व्यक्तिहरुको अवकाशपछिको जीवनमा थप ऊर्जा प्रदानगर्ने, एकापसमा भेटघाट गरी आफ्ना सुख-दुःखका अनुभवहरु साट्ने, बहालवाला सैनिक र अवकाश प्राप्त सैनिकहरुबीच सामीप्यको भावना जागृत गराउने, नेपाली सेनाद्वारा सञ्चालित विविध कल्याणकारी कार्यहरुको जानकारी गराई अझै समयानुकूल सुधारको लागि थपराय सुझावहरु संकलनगरी प्रभावकारी बनाउने उद्देश्यले भूपू सैनिक सम्मेलन आयोजनाहुँदै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बनाउनुभएको छ। भूपू सैनिक सम्मेलन समग्र राष्ट्र तथा नेपाली सेनाका लागि पूर्वसैनिकले सेवारत रहँदा पुऱ्याउनुभएको सेवा र समर्पणको यथोचित सम्मान पनि हो। भूपू सैनिक सम्मेलनले समाजमा छरिएर रहेका भूपू सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिहरुबीच पुनर्मिलनगरी आपसी भाइचाराको विकासगर्दै अपनत्वको भावना कायम गर्नुका साथै भूपू सैनिक तथा एकल महिलाहरु र आश्रित परिवारहरुको आर्थिक, सामाजिक एवं भौतिक जीवनस्तरमा सुधारका लागि महत्वपूर्ण पक्षहरु सम्बोधनगर्दै आइरहेको छ।




डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# देशको शासन सत्तामा बढ्दैगएको अन्योल र दलहरुबीचको टकराव

नेपालमा राजनीतिक अन्योल अनिश्चितता थप बढेर गएको देखिएको छ। खासगरी अप्रत्यासितरुपमा गत भदौ २३ र २४ गतेको घटना भएको थियो। त्यसैले अप्रत्याशितरुपमै भदौ २७ गतेको घटना गराएको थियो। भदौ २७ गतेको घोषणाले चालु अवस्थामा रहेको संसद बिघटनगर्नुका साथै नयाँ निर्वाचनको घोषणा गरेको थियो। संसदबाट नयाँ सरकार गठन हुने संभावना रहेसम्म संसद बिघटनगर्न नपाइने सर्बोच्च अदालतको ०७८ मा गरिएको फैसलाको नजिर कता पुग्यो ? हालसम्म खुल्नसकेको छैन। गत फागुन २१ गतेको निर्वाचनले पनि अप्रत्याशित परिणाम दिएको थियो। जसले गत १३ गते हालको सरकार गठन भएर क्रियाशील रहेको छ। तर बर्तमान सरकारका गतिबिधिहरु शुरुदेखिनै राष्ट्रिय एकता र सहमतीय राजनीति बिथोल्ने खालका भएका कारण अब देश कता जाने र कुन दिशा समात्ने ? भन्ने अन्योलताको सिर्जना भएको छ। देशको राष्ट्रियता, अखण्डता र सार्वभौमिकतामाथि नै बिभिन्न प्रश्नहरु उठ्न थालेका छन्। ०६३ पछि नेपालमा लागूगराइएको लोकतान्त्रिक गणतन्त्र आफैमा संकटमा परेको देखिएको छ। ०६३ को परिवर्तनपछि देशको शासन सत्तामा आएकाहरु नै हाल रक्षात्मक अवस्थामा पुगेको देखिएको छ। कुनै बेला गत भदौ २३ र २४ को घटना जनयुद्धको प्रेरणाबाट भएको बताउँदै आफू रास्वपाको संरक्षक बन्ने बताउनु हुने पूर्ब माओवादी नेता तथा हालको नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल हाल ०७२ को संविधान बनाउनेहरु एक हुनुपर्ने अवस्था सिर्जना भएको बताउन थाल्नुभएको छ। खासमा नेपालको मुख्य समस्या भनेको संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन पद्धति हो। ०७२ को संविधानलाई त कतिपयले देशमा बिद्यमान सबै समस्याहरुको जड भएको ठहरसमेत गरिसकेका छन्। जसको अन्त्य बिना नेपाको राष्ट्रिय राजनीतिमा लागेको कालो बादल हट्न नसक्ने अवस्था रहेको छ। तर बर्तमान सरकारले संविधान संशोधनका लागि छलफल चलाउने नाममा समिति बनाएर सो बिषयलाई लम्ब्याउने प्रयास गरिरहेको देखिएको छ। उपरोक्त कुराहरुलाई अपनाएर नयाँ सरकार पनि चल्न सक्दैन भन्नेमा धेरैको एकमत रहेको देखिएको छ। देशको खास समस्या एकातिर छ, तर गत फागुन २१ को निर्वाचनबाट गठित सरकार अर्कोतिर अगाडि बढेपछि देशको भाग्य र भबिश्यकाबारेमा सबैतिर अन्यौलता छाउन थालेको छ।

देशका खास, खास समस्याहरुलाई सम्बोधन नगरिकन सरकारको परिवर्तनलेमात्रै देशमा शान्ति तथा सुव्यवस्था आउन नसक्ने निश्चित छ। हाल सर्बाधिक चर्चा र बिवादमा रहेको कार्की आयोगको छानविनको प्रतिवेदन एकपक्षीय र खोटपूर्ण रहेको गंभिर बिषय उठेको छ। बर्तमान सरकार सोही प्रतिवेदनलाई आधार बनाएर बिपक्षीहरुमाथि डण्डा चलाउन थालेको छभने पुराना संसदवादी दलहरु आआफ्नो संगठन परिमार्जन गरेर थप सशक्त ढंगले अगाडि बढ्ने प्रयासमा लागेका छन्। जसले देश भाबि दिनमा फेरी चर्को द्वन्दमा फस्ने संकेतहरु गरेका छन्। हालको अवस्थामा नेपाललाई चाहिएको द्वन्द नभएर शान्ति, एकता र आम मित्रताको वातावरण हो। त्यसैले बर्तमान सरकारले पछिल्ला समग्र घटनाहरुको निष्पक्ष छानविन गरेर अगाडि बढ्न सक्नुपर्ने देखिएको छ। गत भदौ २४ गते जुन खालको ताण्डव मच्चाइएको थियो, त्यतिबेला सरकारी कार्यालयदेखि कैयौं व्यक्तिका घर सम्पत्ती जलाउने र ध्वस्तपार्ने काम गरिएको थियो, त्यसको पछाडि कस्को हात थियो ? त्यसलाई खोजविन गर्नुपर्नेकि नपर्ने ? त्यसमा दोषी ठहरिएकाहरुलाई कारवाहीको दायरामा ल्याउनु पर्नेकि नपर्ने ? लगायतका बिषयमा नेपाली समाजमा हालसम्म बिभिन्न खालका प्रश्नहरु उठिरहेका छन्। तर सरकार त्यसतर्फ ध्यान नदिएर एकोहोरोरुपमा पुराना र स्थापित संसदवादी दलहरुलाई किनारा लगाउन उद्यत रहेको देखिएको छ। गत भदौ २३ गतेको घटनाकाबारेमा जुन छानविन आयोगको प्रतिवेदन आएको छ, त्यो अधुरो र अपुरो रहेको राजनीतिक क्षेत्रमा प्रमुख चर्चाको बिषय भएको छ। देशमा रहिआएका जतिपनि विकृती र विसंगतीहरु छन्, देशमा भएका व्यापक भ्रष्टाचार, नीतिगत भ्रष्टाचार, महँगी र जनताले शिक्षा, स्वास्थ्य एवं दैनिकरुपमा भोग्नुपरेका समस्याहरु यथावतनै रहेकोले त्यसलाई यो सरकारले कसरी हल गर्छ ? सबैको जिज्ञासा त्यसैमा केन्द्रित रहेको छ। बर्तमान सरकारमा रहेकाहरुले आफ्नो कार्यशैली परिवर्तन गरेर राष्ट्रिय एकता र सहमतीय राजनीतिमा जोडदिनु आवश्यक छ।

# नेपालमा बढ्दो सत्ता संघर्ष र जन अधिकारका प्रश्नहरु

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालको वर्तमान राजनीतिक अवस्थालाई हेर्दा सत्ता केन्द्रित संघर्षले जनताको आधारभूत अधिकारका मुद्दाहरुलाई झन पछाडि धकेलिरहेको धेरैले अनुभूतगर्न थालेका छन्। देशको हालको खास आवश्यकता भनेको द्वन्द होइन। राष्ट्रिय एकतामा आधारित राजनीति हो। तर रास्वपाको बर्तमान सरकारले गतसाता सत्ता सम्हालेपछि शुरुमै राष्ट्रिय एकताको वातावरण सिर्जना गर्ने/गराउने भन्दा त्यसलाई बिथोल्ने प्रयास गरेका कारण यो सरकारले पनि नेपाल र नेपालीका लागि केही पनि गर्ननसक्ने देखिएको छ। खासमा हालकोस्तो झण्डै दुई तिहाइको सरकार यसअघि पनि रहेको थियो। नेपालजस्तो लोकतान्त्रिक व्यवस्थामा राष्ट्रिय मेलमिलाप र जनअधिकारले प्राथमिकता पाउनुपर्नेमा त्यसको ठीक बिपरितका गतिबिधिहरु हुनुलाई राम्रो संकेत मान्न सकिन्न। बर्तमान सरकारले पनि नारा जनअधिकारको र व्यवहारमा त्यसको उल्टो प्रवृत्ति देखाउँदै गएको छ। यस्तो गतिबिधि विदेशी प्रभाव रहेका पार्टी र नेताहरुमा देखिने गरेको छ।

सत्ता समीकरण फेरबदल, गठबन्धन टुट्ने-बन्ने, नेतृत्वबीचको प्रतिश्पर्धा जस्ता गतिविधिहरुले नेपालको राजनीतिक लाई गलत बाटोमा अग्रसर गराएको यसअघि नै बहसको बिषय बनेको थियो। देशको राजनीतिको सत्तामा जाने ? भन्ने प्रश्नमा सीमित भएपछि त्यसबाट देश र जनताको पक्षमा कुनैपनि काम हुनसक्दैन भन्ने कुरा यसअघिका कतिपय घटनाहरुले स्पष्ट गरिसकेका छन्। जसलेगर्दा रोजगारी, शिक्षा, स्वास्थ्य, सुशासन, र सामाजिक न्यायजस्ता जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयहरु ओझेलमा पर्नेगरेका छन्। संविधानसभाबाट बनेको भनिएको ०७२ को संविधानले प्रत्याभूत गरेका मौलिक हकहरुसमेत कार्यान्वयनको चरणमा कमजोर देखिएका छन्। जुन आफैमा चिन्ताको बिषय भएको छ। जनअधिकार कागजमामात्रै सीमितहुँदा नागरिकमा निराशा बढ्नु स्वाभाविक हो। अर्कोतर्फ, सत्ता संघर्षले प्रशासनिक संयन्त्रलाई पनि प्रभावित बनाउँदै लगेको देखिएको छ। नीति निरन्तरता अभाव, निर्णय प्रक्रियामा ढिलाइ, र विकास परियोजनाहरु अलपत्रपर्नु त्यसका प्रत्यक्ष परिणामहरु हुन्। यस्तो अवस्थामा सबैभन्दा बढी असर सीमान्तकृत समुदाय र कमजोर वर्गमाथि पर्छ। यद्यपि बिद्यमान समस्याहरुको समाधानको बाटो नभएको होइन। राजनीतिक दलहरुले सत्ताभन्दा माथि उठेर जनअधिकार, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राख्नुपर्ने आवश्यकता छ। नागरिक समाज, सञ्चारमाध्यम र युवाहरुले पनि दबाब सिर्जना गरेर जनमुखी एजेण्डालाई पुनः प्राथमिकतामा ल्याउन महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्ने भएको छ। खासमा लोकतन्त्रको वास्तविक मापन सत्ता परिवर्तन होइन, नागरिकको जीवनस्तर र अधिकारको सुनिश्चितता हो। जबसम्म त्यो केन्द्रमा आउँदैन, सत्ता संघर्षले देशलाई स्थायित्व र समृद्धितर्फ लैजान गाह्रो हुन्छ। यसैक्रममा कतिपय पार्टीले हालै आफ्नो पार्टीको औपचारिक बैठकबाटै सत्ता संघर्षले देशमा राजनीतिक अस्थिरता बढेको ठहर गरेको समाचार बाहिर आएको छ। हुनपनि देश बिगत लामो समयदेखि चरम भ्रष्टाचार, ब्यापक बेरोजगारी, निरन्तर असुरक्षा,बढ्दो महँगी र कुशासनले ग्रस्त रहँदै आएको छ। देशको शासन सत्तामा पालैपालो रहे/बसेका बिभिन्न नामधारी दल र तिनका नेताहरुबीच तिनै बिकृति र बिसंगतिको प्रतिस्पर्द्धाका लागि निरन्तर हुनेगरेको सत्ता संघर्षले देशका अस्थिरतमामात्र बढेको नभई, देश र जनताका मूलभूत समस्या पनि समाधान नभएको अवस्था छ। पछिल्ला राजनीतिक घटनाक्रमहरुले देशको स्थिति झनै जर्जर र कमजोर बनाउँदै लगेको देखिएको छ। यही बिग्रदो पृष्ठभूमिमा सामाजिक सञ्जालमाथिको गत भदौको प्रतिबन्धले जनआक्रोशलाई थप चर्काएको थियो। त्यसैलाई आधार बनाएर गत भदौ २३ गते केही समूहहरुले आन्दोलनको घोषणा गरेका थिए। तर त्यो आन्दोलन बीचैमा रहस्यपूर्णरुपमा अशान्त बनेको थियो। जुन भदौ २४ गते पुग्दा हिंसात्मक भएको थियो। उक्त भदौ २३ र २४ को घटनामा कतिपयको मृत्यु भयोभने कतिपय घाइते भए। त्यतिबेला जुन र जेजस्ता मागहरु राखेर आन्दोलन थालिएको थियो, त्यो आन्दोलन त्यसरी अप्रिय हुनुपर्ने कुनै कारण थिएन। कतिपयले त्यतिबेलाको शान्तिपूर्ण आन्दोलनलाई हाइज्याक गरेर अप्रिय बनाइयोभन्ने पनि गरेका छन्। खासमा त्यसमा कुनै सत्यता देखिएको छैन। किनकी भदौ २३ गतेको आन्दोलनको आयोजना गरेका भनिएकाहरुले भदौ २४ को आन्दोलनमा जे भयो, त्यसलाई जिम्मा पनि लिएका छैननभने बिरोध पनि गरेका छैनन्। उनीहरुले सो आन्दोलन कस्ले हाइज्याक गरेको थियोभन्ने खुलाउन पनि सकेका छैनन्। त्यही भदौ २३ र २४ को घटनालाई आधार बनाएर भदौ २७ को घोषणा भयो। त्यही २७ गतेको घोषणाका आधारमा फागुन २१ गते निर्वाचन भएर बर्तमान सरकार बनेको छ। बर्तमान सरकारले पनि सर्बप्रथम राष्ट्रिय सम्पतिमाथि आगो लगाउनेहरुको खोजी गरेर कारवाही गर्नुपर्नेमा राष्ट्रिय सम्पति जोगाउन प्रयासगर्ने तत्कालीन सरकारका प्रधानमन्त्रि र गृहमन्त्रिमाथि कारवाही गरेर सबैलाई आश्चर्यचकित बनाउने काम गरेको छ।

जसलेगर्दा गत भदौका घटनामा हाल सरकारमा रहेकाहरुको कहीँ न कहीँ नातासम्बन्ध गाँसिएको देखाएको छ। गत भाद्र २४ गते अराजक र नियोजितढंगले संसद भवन, सिंहदरबार, सर्बोच्च अदालत, प्रधानमन्त्री, निवास, राष्ट्रपति निवास, ब्यापारिक प्रतिष्ठान, निजी निवास भयावह आगजनी, व्यापक तोडफोड, र लुटपाटका शिकार भए। नेपालका सम्मानित नेताहरु बीपी कोइराला र पुष्पलालसमेतका शालीक र प्रतिष्ठानहरुमासमेत तोडफोड गरिएकाले भदौ २३ र २४ को आनदोलन कुनै शक्तिले किन गरेको थियो ? भन्ने स्पष्ट पनि गरेको छ। तर हाल सरकारमा भदौ २३ र २४ मा आन्दोलन गर्नेहरुको संरक्षणगर्नेहरु नै पुगेका कारण त्यसको ढाकछोप गर्ने/गराउने कामहरु भैरहेका छन्। कुनैबेला सतीले सरापेको भनिएको मुलुक नेपालमा हालैका दिनमा साधुलाई सुली र चोरलाई चौतारो भनेजस्ता गतिबिधि हुनथालेका छन्। भदौ २४ को घटना गराउनेहरुको खोजी गरेर सख्त कारवाही नगरिएका कारण देश सरकार र राज्यबिहीन अराजकताको भुँवरीमा फस्न पुगेको छ। त्यतिबेला देशभरका जेलहरुबाट एकैपटक संगीन अपराधीहरु कसरी छोडिए ? त्यसकोसमेत छानविन हुन सकेको छैन। त्यस प्रकारको ठूलो सन्देहास्पद स्थितिमा गत भदौ २७ गते ०७२ को संविधान बिपरीत सुशिला कार्की नेतृत्वको सरकार बनेको थियो। जसले भदौ २३ को घटनाको छानविन गराए पनि भदौ २४ को घटनाको छानविन पनि गराएनभने फागुन २१ को निर्वाचनपछि मात्र प्रतिबेदन दिएकाले निर्वाचनमा गलत प्रभाव परेको देखिएको छ। भनिन्छ त्यतिबेला घटना गराउनेमध्ये कतिपय हाल आफै सत्ता र शक्तिमा पुगेका छन्। उनीहरुले आफूले आफैलाई छानविन गराउने र कारवाही गराउने कार्य असंभव रहेको छ। यो जोजसले अपराध गरे, उनीहरुलाईनै पुरस्कृत गरिएको भनेजस्तो भएको छ। सरकारले बिधिवत सार्बजनिक नगरेको भएपनि प्रेसमा आएको त्यो प्रतिवेदन अपूर्ण, पक्षपाती र सन्देहास्पद किसिमको रहनु अर्को छानविन योग्य बिषय भएको छ। एकातिर सरकारको गोप्य दस्तावेज सार्बजनिक गर्ने/गराउनेमाथि कुनै कारवाही भैरहेको छैनभने अर्कातिर त्यही बाहिर आएको बिवरणका आधारमा कतिपयमाथि कारवाही पनि भैरहेको छ। यसले बर्तमान सरकार पनि पूर्वाग्रही रहेको स्पष्ट गरेको छ। बर्तमान सरकारले कुनै कानूनी प्रक्रिया पूरानगरी हतार हतारमा तत्कालै पूर्ब प्रधानमन्त्री **बाँकी ८ पेजमा**

# सबै नयाँ सरकारको आँखाको तारो बन्ने गरेको

काठमाडौं। विश्वमा सञ्चार क्षेत्रलाई कुनैपनि देशको राजनीतिक ब्यवस्था र त्यहााको सरकारको ऐना भन्नेगरिन्छ। कुन देशको सञ्चारको अवस्था कस्तो छ, त्यो हेरेर त्यस देशमा लोकतन्त्र छ कि छैन र सरकार लोकतानित्रक छ छैन भन्ने स्पष्ट हुन्छ भन्ने प्रचलन रहेको छ। नेपालमा ००७ साल यता खासगरी स्वतन्त्र मानिने निजी सञ्चार क्षेत्र सबै नयाँ सरकारको आँखाको तारो बन्ने गरेको छ। सरकार आफैले सञ्चार माध्यमको ब्यापार गरेका कारणले पनि निजी सञ्चार संस्थाहरु सरकारको आँखाको कसिंगर बन्ने गरेको धेरैको अनुभव छ।

रास्वपाको सरकारले सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन तथा प्रसारणगर्न तीनै तहका सरकारी निकायलाई निर्देशन दिएपछि सञ्चार क्षेत्र एकाएक तातेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गतसाता बुधबार सचिवस्तरीय निर्णयगर्दै केन्द्र, प्रदेश र स्थानीय तहका सबै निकायलाई त्यस्तो परिपत्र गरेको थियो। सो पत्रमा सार्वजनिक निकायबाट सार्वजनिक खरिदलगायत सूचना सञ्चारमाध्यम मार्फत प्रकाशन तथा प्रसारणगर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवं त्यसअन्तर्गतका निकाय तथा सार्वजनिक कोष प्रयोगगरी कार्यगर्ने सबै सार्वजनिक निकायले आफ्ना सूचना गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवं सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन-प्रसारणको व्यवस्थागर्ने भनिएको छ। विज्ञापनबापतको रकम भुक्तानी गर्दा सम्बन्धित सञ्चार संस्थाको आधिकारिक बैंक खातामामात्र जम्मा गर्नुपर्ने व्यवस्था पनि गरिएको छ। विज्ञापनको भुक्तानी दर र छुटसम्बन्धी विषय पनि सम्बन्धित सरकारी सञ्चारमाध्यमबाटै स्वीकृत हुनुपर्ने सो पत्रमा उल्लेख गरिएको छ। सरकारको उपरोक्त निर्णयमा निजी क्षेत्रका सञ्चारमाध्यम, नेपाल पत्रकार महासंघ, नेपाल विज्ञापन एजेन्सी संघ (आन), मिडिया सोसाइटीलगायतले विज्ञप्तिनै निकालेर विरोध गरेका छन्।

सरकारको निर्णयप्रति महासंघले गम्भीर ध्यानाकर्षण, असहमति र आपत्ति प्रकट गरेको छ। महासंघले सरकारको उक्त कदमलाई प्रेस सेन्सरसिपको अवस्था सिर्जनागर्ने प्रयासकारुपमा व्याख्यासमेत गरेको छ। प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयको सचिवालयको हवालादिँदै केहीले विज्ञापन बजारमा व्याप्त बेथिति रोक्न यस्तो नीति जारी गरिएको भनेका छन्। धेरैजसो विज्ञापन क बर्गका भनिएका तर झोलामा सीमित, जनताको पहुँचमा नपुग्ने पत्रिकामा छापिँदै आएकाले राज्यकोषको दुरुपयोग भइरहेको सचिवालयको ठम्याइ छ पनि भन्ने गरिएको छ। तर कुनै एक वा दुईवटा पत्रिकाको गल्तीलाई आधार बनाएर आम निजी सञ्चार जगतलाई दण्डित गर्ने/गराउने प्रयास भैरहेको भनदै आम रपमा सरकारको बिरोध शुरुभएको छ। सरकारको निर्णयले स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असरपर्ने र आबाजविहीनको आबाज बन्ने माध्यम बन्द हुने खतरा बढ्ने महासंघले औंल्याएको छ। समाज विकासका लागि सरकारी र निजी क्षेत्रबीच विभेदगर्न नहुने महासंघकी उपाध्यक्ष नीतु पण्डितको भनाइ छ। उहाँले अहिलेको सञ्चार क्षेत्र सरकारी माध्यममा मात्र सीमित छैन, सरकारीलाई मात्र विज्ञापन दिने निर्णयले मिडिया क्षेत्रलाई सही दिशामा लैजाँदैन। विज्ञापन आर्थिक पाटोमात्र नभई सूचना प्रवाहको माध्यम पनि हो। नागरिकले आफ्नो रुचिअनुसारका बिभिन्न माध्यमबाट सूचना पाउने वातावरण हुनुपर्छ भन्नुभएको छ। नेपाल मिडिया सोसाइटीका अध्यक्ष मदन लम्सालले पनि सो निर्णय गलत नियतबाट प्रेरित देखिने बताउनुभएको छ। यस्तो कदमले लोकतन्त्रको चौथो अंगलाई कमजोर बनाउने उहाँको भनाइ छ। कतिपयले सरकारको उक्त निर्णयमा सरकारी सञ्चारमाध्यमको संरक्षण र निजी क्षेत्रका मिडिया बन्द गराउने आशय प्रष्ट देखिएको बताएका छन्। आनका अध्यक्ष सुदीप थापाले सरकारको निर्णयलाई अपरिपक्व र हठात् गरिएको कदमका रुपमा टिप्पणी गर्नुभएको छ। सरकारले विज्ञापन बजारमा रहेका समस्याको गहिराइमा नपुगी र सरोकारवालासँग छलफल नगरी परिपत्र जारीगरेको उहाँको भनाइ छ। त्यसैगरी प्रगतिशील पत्रकार संघले सरकारी विज्ञापन रोक्ने सरकारको निर्णयको विरोध गर्दै त्यसलाई फिर्तागर्न माग गरेको छ। सो संस्थाका अध्यक्ष अध्यक्ष श्यामलाल पोखरेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको १८ गत गतेको सचिवस्तरीय बैठकबाट तीनै तहका सरकार, आयोग, सचिवालय, निकाय तथा सार्वजनिक कोष प्रयोग गर्ने सबैले सरकारी सञ्चारमाध्यममा मात्रै विज्ञापन प्रकाशन/प्रसारण गराउने निर्णयप्रति प्रगतिशील पत्रकार संघ, नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाउनु भएको छ। उहाँले एक बक्तब्यमा भन्नुभएको छ- हाम्रो संगठनले सम्पूर्ण सरकारी विज्ञापन ठुला वा राजधानीकेन्द्रित मिडिया लाईमात्रै केन्द्रित नगरेर देशैभरिका साना तथा स्वरोजगारमुखी सञ्चार माध्यमलाई समानुपातिक प्रकारले वितरण गरिनुपर्ने मागगर्दै आएको छ। त्यसैगरी प्रेस काउन्सिलको वर्गीकरणमा परेका सञ्चारका लागि उपलब्ध गराइने लोककल्याकारी विज्ञापनसमेत दोब्बर वृद्धिगर्ने तथा अनलाइन सञ्चार माध्यमलाई पनि सरकारी विज्ञापन उपलब्ध गराउनुपर्ने मागगर्दै आएको छ। नेपालको संविधान-०७२ को प्रस्तावनामानै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख भएकोमा त्यसको कार्यान्वयन सुनिश्चितगर्न ठोस कदम उठाउनुपर्नेमा सरकारी विज्ञापन नदिई सञ्चारमाध्यमको आर्थिक मेरुदण्ड नै भाच्ने सरकारको यो नीति गलत र घोर भर्त्सनायोग्य छ। सरकारको यस्तो निर्णयले प्रेस स्वतन्त्रता कुण्ठित हुने मात्रै होइन, सञ्चारमाध्यममार्फत व्यक्त हुने नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकारको रक्षामासमेत प्रतिकूल प्रभाव पर्नेछ। उहाँले बक्तब्यको **बाँकी ७ पेजमा**

# संसदको बैठकको शुरुमै सत्ता पक्ष र प्रतिपक्षको जुहारी

**यो साताको बिशेष**

काठमाडौं। प्रतिनिधिसभाको गत साता १९ गते भएको पहिलो बैठकमै सरकार र प्रतिपक्षी दलहरुबीच टसल भएको छभने आज २२ गते बस्ने बैठकबाट प्रतिपक्षी दलहरुले बिरोध थाल्ने बताइएको छ। प्रतिनिधिसभाका सभाध्यक्ष अर्जुननरसिंह केसीले गत १९ गतेको बैठकमा राजनीतिक स्थिरता, सुशासन र विधिको शासन स्थापनामा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभएको थियो। प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधनगर्दै सभाध्यक्ष केसीले ०१५ सालको पहिलो संसदीय निर्वाचनको परिणामपछि गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले ऐतिहासिक उपलब्धि हाशिल गरेको उल्लेखगर्दै जनताको अपेक्षाअनुसार शासन प्रणालीमा आमूल परिवर्तन आवश्यक रहेकामा जोड दिनुभएको थियो। सभाध्यक्ष केसीले नवगठित प्रतिनिधिसभालाई जनताले ठूलो भरोसाका साथ हेरिरहेका उल्लेखगर्दै सरकारमात्र होइन, शासन सञ्चालनको संस्कार र संस्कृति परिवर्तनको आवश्यकता जनताको चाहना रहेको उल्लेख गर्नुभएको थियो। सम्बोधनकाक्रममा सभाध्यक्ष केसीले लोकतन्त्रको आधार सम्वाद, सहमति र सहकार्य भएको उल्लेखगर्दै सत्तापक्ष र प्रतिपक्षबीच रचनात्मक सहकार्यको आवश्यकता औंल्याउनुभएको थियो। त्यसैगरी एमालेका संसदीय दलका नेता रामबहादुर थापाले गत भदौ २३ र २४ मा भएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानविनको माग गर्नुभएको थियो। त्यसैगरी नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले सहमति, सहकार्य र सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेख गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन दूरदर्शी नीति र स्थिर सरकार आवश्यक रहेको बताउनुभएको थियो। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीकातर्फबाट निर्वाचित सांसद वर्षमान पुनले आफ्नो पार्टीले सदनमा आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाहगर्ने बताउनुभएको थियो। उहाँले देश र जनताको पक्षमा आफ्नो पार्टीले सरकारलाई रचनात्मक सहयोगगर्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको थियो। त्यसैगरी श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क सम्पाङ राईले प्राकृतिक श्रोतसाधनको सदुपयोगगर्न पाउनेगरी सहज नियम बनाउनुपर्नेमा जोड दिनुभएको छ। प्रतिनिधिसभाको बैठकमा उहाँले प्राकृतिक श्रोतसाधनको सरंक्षणगर्दै मुलुक समृद्धिमा यसको सदुपयोग गर्नुपर्ने उल्लेख गर्नुभएको थियो। जनचाहना बमोजिम मुलुकमा सुशासन कायमगरी भ्रष्टचार अन्त्यगर्न सबै लाग्नुपर्ने बताउँदै अध्यक्ष राईले सार्वभौमसत्ता र स्वाभिमानमा प्रतिकुल असरपार्ने कुनैपनि सन्धि सम्झौता खारेज गर्नुपर्नेमा जोडदिनुभएको थियो। त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता ज्ञानबहादुर शाहीले सरकारलाई जनताप्रति उत्तरदायी बन्न र विधिको शासन प्रभावकारीरुपमा लागूगर्न आग्रह गर्नुभएको थियो।

**एमसीसी खारेजीको माग :** प्रतिनिधिसभाको गत १९ गतेको पहिलो बैठकमा बोल्दै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले एमसीसी सम्झौता खारेजीको माग राखनुभएको छ। उहाँको मागको पहिलो बुँदामा एमसीसी खारेजी रहेको छ। दोश्रोमा सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकको गतिविधिलाई निगरानीमा राख्नुपर्ने माग गरे। हर्कले भने, संयुक्त राष्ट्रसंघ लगायतका निकायहरुमा गएर हाम्रो देशका चार किल्ला, कति हो त हाम्रो भूगोल भन्ने सीमाना यकिन गरेर सीमानाको रक्षार्थ नेपाली सेनालाई खटाउनुपर्दछ भन्ने म माग राख्न चाहन्छु। नेपाली जनताले यो माग राखेको कुरा म जानकारी गराउन चाहन्छु। उहाँले प्रत्यक्ष कार्यकारीको चुनावगर्नेतर्फ सरकारको नीति तथा कार्यक्रम अगाडि बढाउन उहाँको माग छ। उनले जेनजी आन्दोलनमा २३ गते गोली चलाएर दमनगर्ने र २४ गते डिस्कोडबाट



बालबालिकालाई स्कूल ड्रेसमा बोलाएर सर्वोच्च जलाउने सबैलाई कारबाहीमा ल्याउन उच्चस्तरीय छानबिन समिति आयोग गठनको माग गनुभएको थियो। सम्पत्ति छानबिन मन्त्री र सांसदहरुबाट शुरुगर्नुपर्ने हर्कले ध्यानाकर्षण गराउनु भएको थियो। साम्पाङको पहिलो सम्बोधनमा भनिएको छ- आफ्नो मनको विचार राख्नुभन्दा पनि म जनताले हामीलाई केका लागि यहाँ पठाएका छन् भन्ने बारेमा बुँदागत रुपमा जनताका मागहरु वाचन गरेर सुनाउन चाहन्छु तर, त्योभन्दा पहिला चाहिँ हामीले पक्कै पनि यो देश बनाउनका लागि, देश परिवर्तनगर्नका लागि भनेर आएका छौं, सबैभन्दा पहिला आफूले आफैलाई परिवर्तन गर्नुपर्छ भन्छु म। अघिल्लो शपथ ग्रहणको दिन पनि हामी १२ मिनेट ४६ सेकेन्ड ढिलो थियौंभने आज १६ मिनेट ५५ सेकेन्ड हामी ढिलो भएका छौं। जनताले हामीलाई यसरी ढिलो गरभनेर यहाँ पठाएको होजस्तो मलाई लाग्दैन। त्यसो भएको कारणले प्रत्येक मिनेटको महत्त्व यो सदनले बुझोस्, सरकारले बुझोस्, हामी सबैले बुझौं। 'नेपाली हो, नेपाली समय हो, २ बजेको बैठक ३ बजे जाँदा पनि हुन्छ, ४ बजे जाँदा पनि हुन्छ, जेगर्दा पनि नेपाल हो, नेपाली हो' भन्ने खालको जुन भाष्य हामीले मनमा लिएर बसेका छौं, यही सबैभन्दा मुख्य कारण हो हामीले उन्नति गर्न नसक्नुको। त्यसो भएको कारणले गर्दाखेरि सभामुख महोदयमार्फत म सम्पूर्ण सदन, सरकार सबैलाई ध्यानाकर्षण गराउन चाहन्छु– आउँदा दिनमा हामी बैठक शुरुहुनुभन्दा थोरैमा पनि ५ मिनेट अगाडि उपस्थित हुनुपर्छ। म यो माग राख्न चाहन्छु। हामी विभेदको अन्त्य गर्छौं भनेर यहाँ भनिरहेका छौं। भर्खरै पनि पूर्व वक्ता माननीयज्यूहरुले थुप्रै कुराहरु राख्नुभयो आफ्नो मनको कुराहरु। तर यहाँ यही सदनभित्र पनि विभेद भइराखेको छ। सत्ता पक्षले ३० मिनेट बोल्दा पनि हुने, ४० मिनेट बोल्दा पनि हुने, प्रतिपक्षले अलि सानोले चाहिँ हैन, ३ मिनेटमा सकिहाल्नुपर्ने, २ मिनेटमा सक्नुपर्ने। हामी पनि जनताले चुनेर पठाएका जनमत प्राप्त जनप्रतिनिधि हौं। त्यसो भएको कारणले गर्दाखेरि हामीले आफ्ना क्षेत्रका आवश्यकताहरु, आफ्ना तपाईंका चाहिँ नि के रे मागहरु राख्नका लागि प्रशस्त समय दिनुपर्दछ। त्यो खालको सदन हामीले बनाएर त्यो खालको सदन अभ्यास गर्नुपर्दछभन्ने माग राख्न चाहन्छु म आफ्नो मनको कथा यहाँ गाउन चाहन्न। अब मेरो आफ्नो मन्तव्यहरु राख्नुभन्दा पनि सरकारले कसो गर्नुपर्ने हो तरु हिजो इतिहासमा हामीले के गर्यौं, कसले के गर्‍यो, कुन नेताले के गर्‍यो, कत्तिको तपाईंको हामीले संघर्ष गर्‍यौं, के,के गर्‍यौं भनेर भनिरहन आवश्यक छजस्तो मलाई लाग्दैन। हामी के गरिरहेका छौं आज र भोलि केगर्ने हो भन्नेतर्फ सरकारले आफ्नो नीति तथा कार्यक्रम बनाउँदाखेरि यस्ता कुराहरुलाई पनि समावेश गरोस् भनेर चाहिँ म यहाँ जनताको मागहरु, राष्ट्रिय स्वाधीनताको, हाम्रो सम्प्रभुताको, जनताले चाहेका कुराहरु के कस्ता छन् तभन्ने कुरा म बुँदागत रुपमा वाचनगर्न चाहन्छु भन्नुभएको थियो। उहाँले पृथ्वी रहन्जेलसम्म यो देश रहिरहनुपर्छ। हाम्रो देशको चन्द्र सूर्य अंकित झण्डा रहिरहनुपर्छ। त्यो मान्यता हामी राख्दछौं। श्रम संस्कृति पार्टीले त्यो मान्यता राख्दछ। त्यसो भएको कारणले गर्दा देशको स्वाधीनता, भू( राजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिलाई बचाइराख्न सैन्य रणनीति उद्देश्यका साथ शुरुगरिएको असमान राष्ट्रघाती व्यापारिक सन्धि सम्झौता एमसीसीलाई खारेज गर्नुपर्दछ भनेर म मागगर्न चाहन्छु भन्नुभएको थियो। त्यसैगरी उहाँले सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकहरुले गरिरहेको गतिविधिलाई सक्रिय रुपमा नेपाल सरकारले निगरानी राख्नुपर्दछ र संयुक्त राष्ट्रसंघ लगायतका निकायहरुमा गएर हाम्रो देशका चार किल्ला, कति हो त हाम्रो भूगोल भन्ने सीमाना यकिन गरेर सीमानाको रक्षार्थ नेपाली सेनालाई खटाउनुपर्दछ भन्ने म माग राख्न चाहन्छु। नेपाली जनताले यो माग राखेको कुरा म जानकारी गराउन चाहन्छु भन्नुभएको थियो। त्यसैगरी उहाँले जनताले सोझै छान्न पाउने प्रत्यक्ष कार्यकारीको चुनाव गर्नेतर्फ सरकारको नीति तथा कार्यक्रम अगाडि बढोस्। यदि सरकारले दुई(तिहाइ नजिकको सरकारले त्यो कुरा अगाडि सार्छ भने त्यसमा हामी सबैले सहयोग गर्नुपर्दछ भन्नुभएको थियो। उहाँले जेन्जी आन्दोलनमा डिस्कोर्ड चलाएर जेन्जी बालबालिकाहरुलाई स्कुल ड्रेसमा आन्दोलनमा बोलाउने, शान्तिपूर्ण आन्दोलनलाई भड्काएर हिंसात्मक बनाउने, आन्दोलनमाथि अन्धाधुन्ध गोली चलाएर दमनगर्ने २३ गतेको घटना घटाउनेसाथै २४ गते सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत जस्ता सरकारी भवनहरु जलाउने कृत्यगर्ने मान्छेहरुलाई पनि तपाईंको चाहिँ नि के रे कारबाहीमा ल्याउनका लागि उच्चस्तरीय छानबिन समिति आयोग गठनगर्नका लागि म माग हामी माग गर्दछौं भन्नुभएको थियो। त्यसैगरी उहाँले सम्पत्ति छानबिन तथा शुद्धीकरण अभियान शुरु गर्नुपर्दछ। सबैभन्दा पहिला अहिले सरकारमा रहेका मन्त्रिपरिषद्का सम्पूर्ण मन्त्रीहरु, सांसदहरु हामी सबैजना सबैको तपाईंको चाहिँ नि के रे हाम्रो सम्पत्ति छानबिन हुनुपर्दछ। हामीबाट शुरुगर्नुपर्दछ त्यो चिज। किनभने हामी नियम कानून बनाउने हो भने हामीबाटै त्यो कुरा लागू भएर जानुपर्दछ। हामीले बनाएको नियम कानूनले अरुलाई मात्रै ठ्याङ्गोमा कस्ने खालको व्यवहार हामीले गर्नुहुँदैन भन्ने माग राख्दछु भन्नुभएको थियो। उहाँले शिक्षालाई जीवन उपयोगी बनाउनुपर्दछ। उत्पादन, निर्माण र आविष्कारसँग जोड्नुपर्दछ शिक्षालाई। शिक्षा भन्नेबित्तिकै कथा पढ्ने विषयवस्तु होइन। त्यो भन्नेबित्तिकै उत्पादन, निर्माण र आविष्कारसँग जोडिनुपर्दछ भन्ने हाम्रो माग हो। त्यसतर्फ सरकारले ध्यान दियोस्। हप्तामा तीन दिन मात्रै थ्योरी पढ्दाखेरि हुन्छ, चार दिन बिद्यार्थीले उत्पादन, निर्माण र आविष्कारसँग जोडिएर क्रियाकलापहरु गर्न सक्नुपर्दछ। त्यो खालको जीवन उपयोगी शिक्षा लागू गरिनुपर्दछभन्ने हामी माग राख्दछौं भन्नुभएको थियो। उहाँले खेतीपातीको समस्या हल नगरी देशको आर्थिक समस्या हामीले सुल्झाउन सक्दैनौं, आर्थिक उन्नति हुन सक्दैन। त्यसो भएको कारणले कृषिमा देखिएका समस्याहरु पहिचानगर्ने र समस्या हलगर्ने सबैखालका तपाईंको प्राविधिक उपायहरु अपनाउने काम गरिनुपर्दछ भन्ने ध्यानाकर्षण गराउन चाहन्छु भन्नुभएको थियो। उहाँले कम्तीमा एक पालिकामा एउटा उद्योग हुनुपर्दछ। एक परिवारमा एकजना रोजगार हुनुपर्दछ। त्यो खालको नीति हामीले अपनाउनुपर्दछ। बन्द गरिएका उद्योगहरुलाई पुन: सञ्चालनगर्ने साथै नयाँ उद्योगहरुको स्थापनागर्ने नीति तथा कार्यक्रम सरकारले ल्याउनुपर्दछभन्ने ध्यानाकर्षणगर्न चाहन्छु भन्नुभएको थियो। त्यसैगरी उहाँले जनताको सेवा सुविधा, विकास र समृद्धिमा सार्वजनिक हितका लागि प्राकृतिक श्रोत साधनहरुलाई– प्राकृतिक श्रोत साधन ढुंगा, गिट्टी, माटो, खोलानाला, खानी, खनिज, वनजंगल जस्ता श्रोत साधनका सदुपयोगगर्न पाउनेगरी सहज किसिमको चाहिँ नियम कानून बनाउनुपर्दछ। र यी सम्पूर्ण श्रोत साधनलाई परिचालन गरेर चाहिँ हाम्रो देशलाई समृद्ध बनाउनेतर्फ हामीले ध्यान दिनुपर्दछ भनेर भन्न चाहन्छु भन्नुभएको थियो। उहाँले प्राकृतिक संरक्षण गर्नुपर्दछ, संस्कृतिको प्रवर्द्धनगर्ने र प्रविधिको विकासगर्ने नीति सरकारले लेओस्। सुशासनका निम्ति भ्रष्टाचार तपाईंको अन्त्यगर्ने, निष्पक्ष, मितव्ययी, पारदर्शी, जवाफदेही, दूरदर्शी, परिपक्व र दीर्घकालीन कामहरु गर्नेतर्फ सरकार अगाडि बढ्नुपर्दछ भन्नुभएको थियो। उहाँले देशभरि शान्ति सुव्यवस्था कायम गर्नका लागि आवश्यक उपायहरु अपनाउन जरुरी छ। खानेपानी, स्वास्थ्य, शिक्षा, सडक, बिजुली बत्ती जस्ता आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नतर्फ हाम्रो ध्यान जानुपर्दछ भन्नुभएको थियो। त्यसैगरी उहाँले राम्रोसँग अध्ययन नगरी हतार,हतार सरकारले ल्याएका कार्यक्रमहरु लागू गर्नुहुँदैन। कुनै निर्णयगर्दा गर्नुअघि तपाईंको प्रतिपक्षी दलहरुसँग सल्लाह गरेर, सबै पक्षको उचित सल्लाह लिएर चाहिँ सरकार अघि बढे निर्णय गरेपछि पछि हट्नुपर्ने नियतिबाट होइन सरकार बच्न सक्दछ। अहिले भर्खरै वृद्ध भत्ता, बिद्यार्थी संगठन, ब्रिज कोर्स जस्ता सम्बन्धमा निर्णयहरु जुन गरिएको छ, यसलाई पुनर्विचार गरियोस् भन्न म चाहन्छु। वृद्धभत्ताजस्तो समयको वृद्धभत्ताको समयको मापदण्डलाई जुन फेरबदलगर्ने भन्ने कुराहरु आएको छ, कार्यसूचीमा त्यस्ता कुराहरुमा सरकारले ध्यान दिएर मात्रै अगाडि बढ्दाखेरि राम्रो हुन्छभन्ने माग राख्दछु भन्नुभएको थियो। उहाँले सुकुम्वासीभन्दै नागरिकको बासको अधिकारलाई खोज्दै डोजर चलाउने राज्य आतंक फैलाउने चलनको अन्त्य गरियोस्। म त्यो भन्न चाहन्छु। जनताको घर टहरा भत्काउनु हुँदैन, विस्थापन होइन व्यवस्थापनको नीति सरकारले लागू गरेर अगाडि बढ्दाखेरि सबैलाई राम्रो हुनेछ। दशकौंदेखि बस्दै आएका भूमिहीन सुकुम्वासीहरुको स्वामित्व दिने गरी लालपूर्जाको व्यवस्था गरोस् भनेर पनि म भन्न चाहन्छु। किसान, मजदुर, सुकुम्वासीका समस्या पहिचान गरी समाधानको पहल गर्ने, धनीको मात्रै होइन गरिबको पनि हो यो देश भन्ने खालको आभास हामीलाई हुनुपर्दछ र जनतालाई पनि त्यो आभास भएको हुनुपर्दछ। त्यसतर्फ सरकारले काम गरोस्भन्ने म अनुरोधगर्न चाहन्छु भन्नुभएको थियो। उहाँले उपत्यका बाहिर पनि नेपाल छभन्ने कुरा हामीले व्यवहारबाट जनाउनुपर्छ। यो काठमाडौं उपत्यका मात्रै नेपाल हो भन्ने किसिमले सबै विकास चाहिँ यहाँभित्र मात्रै थोपर्ने किसिमको विकास हुनुहुँदैनभनेर म ध्यानाकर्षणगर्न चाहन्छु। सबै खाले विभेदको अन्त्य गरिनुपर्दछ भन्नुभएको थियो। उहाँले भूपू गोर्खा सैनिकहरुको समान पेन्सनका लागि नेपाल सरकारले आवश्यक सबै खालका पहलहरु गरोस्। नेपाल सरकारले गरेको सन्धिमार्फत चाहिँ नि गएका भूपू गोर्खाहरुलाई नागरिकता कायम राखेर चाहिँ उहाँहरुलाई एउटा नागरिकको दर्जामा राखिरहने नियम, त्यो खालको चाहिँ नीति हामीले अवलम्बन गर्नुपर्दछ भनेर ध्यानाकर्षण गराउन चाहन्छु। समयको पाबन्दीले गर्दाखेरि मैले यी कुराहरु सबै कुरा वाचन गर्न सकिनँ। सम्माननीय सभामुख महोदयले दुई(तीन चोटी भनिसक्नुभएको छ। र यो म पत्र सम्माननीय सभामुख महोदयमार्फत टेबुलगर्न चाहन्छु र यस सल्लाह सुझावअन्तर्गत सरकारले आफ्ना विचारहरु, आफ्ना नीति तथा योजनाहरु अगाडि बढाओस् भन्ने म माग राख्न चाहन्छु भन्नुभएको थियो।

**रास्वपाको धारणा :** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गत १९ गतेको प्रतिनिधिसभाको पहिलो बैठकमा रास्वपाको नीतिबारे बोल्दै जनताले आफूहरुलाई दिएको मतादेशको ऋण जिम्मेवारी पूरागरेर तिर्ने बताउनुभएको थियो। प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा बोल्दै सभापति लामिछानेले आफूहरुलाई जनताले सिंहदरबार चलाउन नभई सिंहदरबार बदल्नका लागि मत दिएको र सोहीअनुसार काम शुरुगरिसकेको बताउनुभएको थियो। उहाँले हामी प्रश्न गरेर यो ठाउँमा आएका हौं। हामीले बोलेर होइन कामबाट आफूलाई प्रमाणित गर्नुपर्छ। हामी विगतका कमजोरीबाट



पाठ सिक्नेछौं। यो संसद् बहसको थलो हुनेछ, प्रतिशोधको थलो होइन। प्रतिपक्षलाई अन्यायपूर्वक प्रतिशोध र अत्याचार हुनेछैन, तर सुशासनको बेग पनि रोकिनेछैन। रास्वपाका हरेकले बोलेर होइन, कामबाट आफूलाई प्रमाणि गर्नुपर्नेछ, भन्नुभएको थियो। आफ्नालाई बचाउन र अरुलाई फसाउन कानून नै संशोधन हुनेक्रम अब नहुने जिकिरगर्दै उहाँले सहिदको आमाको न्यायपाउने पहिलो हक **बाँकी ४ पेजमा**

# लोकतान्त्रिक प्रक्रियाका सन्दर्भमा फागुन २१ को निर्वाचन

प्रेमचन्द्र झा



नेपालमा खासगरी गत फागुन २१ को निर्वाचनपछि नयाँ नेताहरु सत्तामा र पुराना नेताहरुमध्ये केही प्रतिपक्षमा र केही संसद बाहिर भएपछि विभिन्न किसिका टिकाटिप्पणीहरु हुनथालेका छन्। गत साता संसदको बैठकमा समेत देशको राजनीतिक व्यवस्था र नयाँ सरकारका गतिविधिका विषयमा विभिन्न टिकाटिप्पणीहरु भए। नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरु देखे/व्यहोरेको छ। कैयन सरकार फेरिए व्यवस्था फेरियो, शासनका स्वरुप बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरु उदाए र पुराना शक्तिहरु कमजोर हुँदैगए। तर यति धेरै राजनीतिक परिवर्तनहरुका बीचमा एउटा प्रश्नभने निरन्तर उठिरहेको छ। के यी परिवर्तनहरुले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए त ? आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीर रुपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरु अचानक असहज स्थितिमा पुगेका छन्। सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरु आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयोभन्ने विषयमा गम्भीर बहस आवश्यक छ। कसैले कल्पना पनि गरेको थिएन कि दशकौँसम्म शासनको केन्द्रमा रहेका शक्तिहरु एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले शोचेको थिएनकि आफूलाई राजनीतिका धुरन्धर खेलाडी मान्ने नेताहरुलाई भर्खरै उदाएका युवापुस्ताका नयाँ शक्तिहरुले यति ठूलो चुनौती दिनेछन्। तर राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ।

जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ। नेपालको लोकतान्त्रिक यात्राको शुरुवात ठूलो आशा र उत्साहकासाथ भएको थियो। जनताले संघर्ष गरेर प्राप्तगरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि नागरिकहरुले शोचेका थिएकि अब देशको शासन व्यवस्था पारदर्शी हुनेछ, विकास तीव्र गतिमा अघिबढ्ने छ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ। तर समय बित्दैजाँदा जनताको अपेक्षा र वास्तविकताको बीचमा दुरी बढ्दैगयो। राजनीतिक दलहरुबीचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुनथाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असर पर्ने मुद्धाहरुभने पछाडि पर्दैगए। तीन दशकको अवधिमा देशले धेरै सरकारहरु देख्यो। प्रधानमन्त्रीहरु फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएनभन्ने गुनासो व्यापक हुँदैगयो। विकासका योजनाहरु कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरु बारम्बार उठ्ने, र राज्यका निकायहरु राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो। यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ, तर एक दिन त्यो राजनीतिक परिवर्तनकारुपमा प्रकट हुन्छ। इतिहासले देखाएको छकि जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ।

आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौंदेखि जम्दैआएको असन्तोषको परिणाम हो। नागरिकहरुले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन्-राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन। लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरुमा एउटा समस्या देखिन्छ आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छकि जनताको समर्थन स्थायीरुपमा आफ्नो पक्षमा छ, तब उनीहरु जनभावनाबाट टाढा हुन थाल्छन्। राजनीतिमा अहंकार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्योभने त्यहाँबाट समस्याहरु शुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रुपमा हेर्नुको सट्टा विरोधको रुपमा बुझ्न थालिन्छ।

यस्तो अवस्थामा नेतृत्व र जनताको बीचमा दुरी बढ्दै जान्छ। त्यो दुरी एकदिन चुनावी परिणाममा प्रकट हुन्छ। नेपालको राजनीतिक दलहरुमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद, र व्यक्तिगत महत्वाकांक्षाले संगठनलाई कमजोर बनाउँछ। जब पार्टीभित्र नै विश्वासको संकट उत्पन्न हुन्छ, तब त्यो संकट बाहिर पनि देखिन थाल्छ। कतिपय अवस्थामा पार्टीका नेताहरु आपसमा यति धेरै विवादमा फस्छन् कि जनताको मुद्धा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकहरुले अन्ततः विकल्प खोज्न थाल्छन्। आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ। यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरुको व्यवहार, निर्णय, र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ। यसैबीच, युवापुस्तामा परिवर्तनको चाहना तीव्र रुपमा बढेको देखिन्छ। उनीहरु पुराना राजनीतिक भाष्यभन्दा फरक शोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व, र परिणाममुखी शासनप्रति उनीहरुको अपेक्षा बढी छ। नेपालबाट ठूलो संख्यामा युवाहरु विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी, र भविष्यप्रतिको अनिश्चितताले युवाहरुलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवापुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो। नयाँ राजनीतिक शक्तिहरुको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरुले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ। नयाँ पार्टीहरु, नयाँ नेतृत्व, र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्। तर नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुन सक्छ। त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरुले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासन मार्फत आफूलाई फरक साबित गर्नुपर्छ। लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन, र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो।

तर हारलाई कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रुपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। तर यदि हारलाई आत्मसमीक्षाको अवसरका रुपमा लिइयोभने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ। पुराना दलहरुका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो। विगतका निर्णयहरु, नीतिहरु, र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। संगठनलाई पुनःसंगठित गर्नुपर्ने आवश्यकता देखिएको छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरुको वरिपरि केन्द्रित रहँदा संगठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र संगठनलाई जीवित राख्न सकिन्छ। राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो, तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनुहुँदैन। नेपालजस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरुको भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरुमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य, र आर्थिक समृद्धि जस्ता मुद्धामा दलहरुबीच सहमति बन्न सक्नुपर्छ। आजको राजनीतिक परिस्थितिले एउटा महत्वपूर्ण सन्देश दिएको छ–जनता नै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब उनीहरुले आफ्नो मतमार्फत जवाफ दिन्छन्। त्यसैले आज देखिएको परिणामलाई केवल कसैको हार वा कसैको जीतको रुपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले सबैलाई एउटा स्पष्ट सन्देश दिएको छ–राजनीति जनताको विश्वासमा टिकेको हुन्छ। यदि त्यो विश्वास कमजोर भयोभने ठूलो शक्ति पनि कमजोर हुन सक्छ। नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ। देशसँग युवा जनसंख्या छ, प्राकृतिक स्रोतहरु छन्, र परिवर्तन चाहने समाज छ। यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गऱ्यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ। आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो। राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्यो भने मात्र जनताको विश्वास पुनःस्थापित हुन सक्छ। अन्ततः लोकतन्त्रको सार यही हो–जनताको इच्छा सर्वोपरि हुन्छ। जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन्, तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ। यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन। यो लोकतान्त्रिक चेतनाको संकेत पनि हुन सक्छ। यदि सबै राजनीतिक शक्तिहरुले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ। त्यसैले अहिले आवश्यक कुरा भनेको एक-अर्कालाई दोष दिने होइन, जनताको संकेतलाई बुझ्ने हो। जनताले दिएको संकेतलाई सही रुपमा ग्रहण गर्न सकियो भने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको शुरुवात बन्न सक्छ।तर, केवल नेतृत्व र दलहरुको आन्तरिक **बाँकी ७ पेजमा**

बाँकी ७ पेजमा

## संसदको...

भएकाले त्यसलाई प्रतिशोध भन्न नपाइने बताउनुभएको थियो। सभापति लामिछानेले बिचौलिया र माफियाले थिचिएको निजी क्षेत्रलाई अब त्यस्तो दबाब नपर्नेभन्दै समान अवसर र व्यावसायिक वातावरण सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले जातीय र लैङ्गिक आधारमा कुनै विभेद नहुने संकल्पगर्दै ज्येष्ठ नागरिकको सम्मान र बालबालिकाको शिक्षा, स्वास्थ्यका लागि विशेष ध्यान दिने बताउनुभयो। विगतमा राजनीतिक नियुक्ति लिएकालाई स्वैच्छिक रुपमा मार्गप्रशस्तगर्न अपेक्षागर्दै उहाँले नयाँ नियुक्तिमा विधि र योग्यताको मापदण्ड पालना हुने स्पष्ट गर्नुभएको थियो। सभापति लामिछानेले राजदूतको नियुक्ति बिचौलियाको प्रभावमा नभई श्रमिकको हितकेन्द्रित हुने पनि बताउनुभएको थियो। गैह्रआवासीय नेपालीको पुँजी, सीप र अनुशासनलाई नेपालको आर्थिक विकासमा उपयोग गर्ने बताउँदै उहाँले मुलुकले प्रतिपक्षलाई पनि साथमा लिएर मित्रवत् र पारदर्शी परराष्ट्र नीति कायमगर्ने बताउनुभएको थियो।

**नेपाली कांग्रेसको धारणा :** संसदको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले संसदको पहिलो बैठकमा सहमति, सहकार्य र सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउनुपर्नेमा जोड दिनुभएको थियो। प्रतिनिधिसभाको आजको पहिलो बैठकमा उहाँले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेखगर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन दूरदर्शी नीति र स्थिर सरकार आवश्यक रहेको बताउनुभएको थियो। विगत ३५ वर्षमा द्वन्द, भूकम्प तथा कोभिड-१९ महामारीजस्ता चुनौतीका बावजुद देशमा पूर्वाधार, विद्युत्, सञ्चार, स्वास्थ्य र वित्तीय क्षेत्रमा प्रगति भएको उल्लेख गर्दै नेता आङ्देम्बेले केही पनि भएनभन्ने निराशावादी धारणा यथार्थमा आधारित नभएको तर्क गर्नुभएको थियो। उहाँले विभिन्न लोकतान्त्रिक आन्दोलनदेखि पछिल्लो जेनजी विद्रोहसम्म ज्यान गुमाएका सहिदप्रति श्रद्धाञ्जली अर्पणगर्दै अब देशमा पुनः हिंसा दोहोरिन नदिन सबै राजनीतिक शक्ति एकजुट हुनुपर्ने बताउनुभयो। नेता आङ्देम्बेले २०४६ सालको जनआन्दोलन, सशस्त्र द्वन्द, ०६२/६३ को जनआन्दोलन, मधेस आन्दोलनलगायतका संघर्षको स्मरणगर्दै फरक विचार भएपनि सबै एउटै राष्ट्रिय लक्ष्यमा केन्द्रित हुनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। उहाँले संसदीय लोकतान्त्रिक प्रणालीलाई नेपालको साझा मार्गका रुपमा व्याख्यागर्दै बिपी कोइरालाले प्रस्ताव गरेको यो प्रणालीप्रति सबै राजनीतिक शक्ति पुनः प्रतिबद्ध भएको उल्लेख गर्नुभयो। नेता आङ्देम्बेले कांग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाहगर्ने स्पष्टपार्दै पहिलो दलका रुपमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी तथा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो। उहाँले गत भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिनगर्न सरकारसँग मागगर्दै संसद भवन र सिंहदरबारमा भएको क्षतिको यथार्थ सार्वजनिक गर्नुपर्ने बताउनुभयो। ( **उपरोक्त तथ्यांक, तस्वीर र विवरण रासससबाट संकलन गरिएको हो।** )

# अन्तराष्ट्रिय

## मध्यपूर्वमा जारी युद्ध थप चर्किंदै, वातावरणमा पनि गंभिर असररु

कर्तव्य

मध्यपूर्वमा जारी युद्धले विश्वभर नै जनजीवनका सबै क्षेत्र र पक्षमा असरगर्दै लगेको देखिएको छ। सो युद्ध थप चर्किंदै जाँदा सैन्य आक्रमण, प्रतिआक्रमण र आर्थिक असर एकैसाथ तीव्र भएको छ। इजरायल, इरान, लेबनान र खाडी क्षेत्रसम्म फैलिएको द्वन्दले क्षेत्रीय सुरक्षामात्र नभई, विश्व अर्थतन्त्रमा र हाल आएर वातावरणमा समेत गम्भीर दबाब सिर्जना गरेको छ। खाडी क्षेत्र पनि द्वन्दको चपेटामा परेको छ। संयुक्त अरब इमिरेट्सले आफ्नो हवाई सुरक्षाले मिसाइल र ड्रोनका धम्कीलाई जवाफ दिइरहेको जनाएको छ। युद्ध शुरुभएदेखि नै खाडी देश इरानी प्रतिआक्रमणको जोखिममा रहेका छन्, जसले क्षेत्रीय स्थायित्वमा थप चुनौती थपेको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीहरुकाअनुसार अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले युद्धको स्पष्ट अन्तिम बिन्दु नदेखिएको टिप्पणी गर्नुभएको छ। उहाँका अनुसार प्रारम्भिक उद्देश्यहरु पूराभएको दाबी गरिए पनि अब के हाँसिलगर्न खोजिएको हो भन्ने अस्पष्ट छ। युद्ध लम्बिँदै जाँदा यसको असर विश्वव्यापी अर्थतन्त्रमा झन् गहिरिँदै जाने उहाँले चेतावनी पनि दिनुभएको छ। त्यसैगरी विश्व बैंकले मुद्रास्फीति, रोजगारी र खाद्य सुरक्षामा पर्ने प्रभावप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीबिच सहकार्य बढाएर संकट व्यवस्थापनका उपाय खोज्ने प्रयास भइरहेको जनाएको छ। पछिल्ला हप्तामा पश्चिम एशियामा हरेक भूभाग असुरक्षित छन्। बम विष्फोटले आकाश, धर्ती र समुद्र प्रभावित छ। अमेरिकी सेनाको केन्द्रीय कमाण्ड सेन्टकमले दिएको पछिल्लो जानकारीअनुसार युद्ध शुरुभएपछि इरानमा १२ हजार ३०० भन्दा धेरैपटक आक्रमण भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी दुईदेखि तीनसाता अझै कडा आक्रमण गरिने बताएपछि सबैतिर आतंक बढेको छ। युद्ध शुरुभएको पहिलो २४ घण्टाभित्रै अमेरिकाले इरानमा झन्डै एक हजारपटक आक्रमण गरेको थियो। इरानको तेहरान शहरमामात्रै पहिलो महिना ३६०० भन्दा धेरैपटक बम खसालिएको थियो। इरानले इजरायलसहित पश्चिम एशियाका देशमा दैनिकजसो मिसाइल तथा ड्रोन प्रहार गरिरहेको छ। अर्कोतर्फ, हुथी विद्रोहीले यमनबाट इजरायलमा बम आक्रमण थालेको छ। इजरायलले इरानमामात्रै आक्रमण गरेको छैन, आफ्नो छिमेकमा रहेको लेबनानमा हेजबुल्लाहमाथि पनि निशाना साँधिरहेको देखिन्छ। इजरायलमाथि इरान र हेजबुल्लाह दुबैले मिसाइल,ड्रोन तथा रकेट प्रहार गरिरहेका छन्। युद्धमा कुनै संलग्नता नरहेका साउदी अरेबिया, कतार, युएई, बहराइन, जोर्डन, ओमानलगायत देशहरु पनि इरानको



प्रत्याक्रमणको सिकार बनेका छन्। इस्फान, फोर्डो र नान्ताज शहरमा रहेका इरानका मुख्य आणविक केन्द्रहरु अमेरिका-इजरायलको निशानामा छन्। इजरायलको आणविक अनुसन्धान केन्द्र डिमोनालाई ताकेर इरानले पटक, पटक मिसाइल प्रहार गरिरहेको छ। बिबिसी लगायतका अन्तराष्ट्रिय समाचार संस्थाका टिप्पणीअनुसार कुवेत, साउदी अरेबिया, कतारलगायत देशका ग्यास तथा तेलखानी निशानामा रहेका छन्। अमेरिकाले इरानी जलसेनालाई लक्षित गरेर समुद्रमा ठूलो संख्यामा बम खसालेको छ। ३६ वटा इरानी डुंगा यहाँ क्षतिग्रस्त भएर डुबेका छन्। अर्कोतर्फ, इरानले हर्मुजमा पानीमुनि बम बिछ्याएको आरोप पनि अमेरिकाले लगाइरहेको छ। युद्धकै दौरान श्रीलंकाको बन्दरगाहमा तेलको ट्याकंर बोकेको एक इरानी जहाजले शरण लिएको थियो। आक्रमणले क्षतिग्रस्त भएर उक्त जहाजबाट तेल चुहिरहेको थियो। त्यस्तै, अबुदाबी, दुबई जेबेल अली र मानामाजस्ता तटीय शहरमा इरानले निशाना लगाइरहेको छ। आकाशबाट जमिन तथा समुद्रमा खसेका हरेक बमले ठूलो संख्यामा कार्बन उत्सर्जन गर्छन् र वातावरणमा प्रदूषण फैलाउँछन्। तेल प्रशोधन केन्द्र,आणविक पूर्वाधार र जलक्षेत्रमा भएको यो कठोर आक्रमण-प्रत्याक्रमणले पश्चिम एशियामा दिर्घकालसम्म स्वास्थ्य तथा वातावरणीय समस्या निम्त्याउने विज्ञहरुले बताएका छन्। युद्ध शुरुभएयता बेलायतस्थित द्वन्द तथा वातावरण पर्यवेक्षण संस्था (सीईओबीएस) ले ४०० वटा त्यस्ता घटनाहरु रेकर्ड गरेर आफ्नो विवरण सार्वजनिक गरेको छ। सीईओबीएसका निर्देशक डग वैरले जर्मन सञ्चारमाध्यम डिडब्ल्यु डटकमसँग अमेरिकाले पाँचहजारभन्दा धेरै केन्द्रमा आक्रमण गरिसकेको छ। त्यसैले यो जोखिम निकै ठूलो रहेको बताउनु भएको छ। युद्ध जारी रहेकाले अहिले क्षतिको अनुमानगर्न सकिने अवस्था नरहेको उहाँको भनाइ छ। हर्मुज जलघाँटी आसपास एक महिनाभन्दा लामो समयदेखि तेलका ट्यांकर अलपत्र अवस्थामा रहेका छन्। ग्रिनपिस इन्टरनेशनलकाअनुसार कम्तिमा २१ अर्ब लिटर तेल त्यहाँ फसेको छ। तेल तथा ग्यास चुहिएको खण्डमा यहाँका जल वनस्पति तथा समुद्री जीवलाई ठूलो समस्या हुन्छ। हिन्द महासागर दुर्लभ हम्पब्याक डल्फिनजस्ता असंख्य जीवहरुको घर हो। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजको जलघाँटी खोल्नका लागि सहयोगगर्न युरोपेली देशहरुलाई आग्रह गरेको समाचार बाहिर आएको थियो। तर, युरोपेली देशहरु त्यहाँ जान मानेनन्। उनीहरु त्यहाँ जाँदा इरानले सम्भावित प्रत्याक्रमण गर्नसक्थ्यो। युद्धले थप विकराल अवस्था ल्याउन पनि सक्थ्यो। **बाँकी ७ पेजमा**

# रास्वपाको नयाँ सरकार र देशभक्तहरुसँगको सहकार्यको प्रशंग

**प्रेम सुवेदी**

संसारमा जहाँ पनि राजनीतिमा बिभिन्न तरंगहरु देखिने गर्दछन् । जसले एकातिर केही न केही यपलब्धी दिन्छ भने नयाँ चुनौतीहरुको समेत सिर्जनागरेको हुन्छ । त्यही चुनौतीलाई सामना गर्नु राजनीतिकर्मीहरुको दायित्व हो । गत भदौमा भएको आन्दोलनको वलमा निर्माण भएको सुशीला कार्की सरकारले तोकिएको समयमा निर्वाचन सम्पन्न गरेर गत १२ गते बिदावारी भएको छ । निर्वाचनकाक्रममा बिभिन्न पार्टीहरुको चुनाव बहिष्कार तथा कैयौं स्थानहरुमा मतपेटिका खाली हुनुले त्यो निर्वाचनको औचित्यता माथि गम्भीर प्रश्नहरु पनि उठेका छन् ।

जनताको आक्रोश र जनताको व्यापक सहभागिताविना भएको निर्वाचनले यो ब्यवस्थाप्रतिको अविस्वास अरु बढाएको स्पष्ट छ । आन्दोलनकारीका मागको सम्बोधन नभए पनि ०८४ को चुनाव ०८२ मै गराएर पुराना संसदवादी पार्टीहरुको नालायकिलाई जवाफ दिने काम निर्वाचन मार्फत भएको छ । त्यसकासाथै आफूलाई जेन्जी आन्दोलनको उत्तराधिकारी बताउदै त्यो आन्दोलनको श्रेय निर्वाचनमार्फत आफ्नो पक्षमा पार्न रास्वपा सफल पनि भएको छ । तर, त्यो आन्दोलनका क्रममा भएको नृशंस हत्या, तोडफोड र आगजनीका अपराधी तथा दोषीहरु माथिको कारवाहीको बिषयलाई न्यायिक हिसाबले निरुपणगर्ने भन्दा पनि त्यसलाई एकपक्षीय बनाउन स्वयं अहिलेको सरकार र रास्वपाका नेताहरुनै जोडिएको आरोप पनि लाग्दैआएको छ । त्यो आरोपमा कति सत्यता छ ? वा ती आरोप मात्रै हुन ? ती सबै कुरा भोलिका दिनहरुमा खुल्दै जाला वा अरु रहस्यमय नै रहलान् ? त्यसबारे पनि यहाँ बढी चर्चा गरिने छैन । जेन्जी आन्दोलनको क्रममा भएको बाह्य हस्तक्षेप,त्यसको जगमा बनेको सुशीला सरकार र रास्वपा नेताहरुको प्रयोग वा उपयोगबारे पनि बिभिन्न संचार माध्यमले उठाउँदै आएका विषयलाई पनि नजरअन्दाजगर्न सकिदैन र मिल्दैन तर, सत्य तथ्यको आधारमा त्यसको निरुपण पनि इतिहासलेगर्ने नै छ । निर्वाचनको मितिभन्दा केही दिन पूर्व बिबिसिद्वारा प्रसारित डकुमेन्ट्री र जेन्जी आन्दोलनकाक्रममा भएको दमन, हत्या, हिंसा, आगजनी, तोडफोडलगायतका बिषयमा छानबिनगर्न गठित कार्की आयोगको रिपोर्टकाबीचको सम्बन्ध बारे पनि कैयौं प्रश्न उठेका छन् । त्यसले निर्वाचनको परिणामलाई के कस्तो प्रभाव पाऱ्यो ? भन्ने बिषयको खोजी पनि हुदै जाला । अहिलेको निर्वाचनको बिषयमा उठेका बिभिन्न प्रश्न र आसंका रहेपनि यसको परिणामलाई अस्वीकारगर्ने कानूनी आधार भने छैन । त्यसैले यो निर्वाचनको परिणाममा कुनै एउटामात्रै कारणले काम गरेको छैन र यसमा बहुआयामिक पक्षहरु अन्तर्निहित छन् । निर्वाचनवाट प्राप्त जनमतलाई रास्वपा ले कसरी अगाडि बढाउछ ? त्यो उसले ल्याउने नीति तथा कार्यक्रमपछि नै चर्चाको बिषय बन्नेछ । अहिले भर्खरै संसद र सरकार गठन भएकाले त्यो प्रश्नमा पनि यहाँ केही उल्लेख गरिने छैन । यहाँ चर्चागर्न खोजिएको विषय मुख्यत: निर्वाचनमा जुन परिणाम रास्वपाले प्राप्तगरेको छ,त्यसका पछाडिको वस्तुगत पक्षबारेनै केही उल्लेखगर्नु उपयुक्त हुनेछ ।

जस्तो विगत लामो समयसम्म सरकार चलाउदै आएका पार्टीहरु एमाले , काग्रेस र माओवादी केन्द्रले जसरी राज्यको दोहन गरेर भ्रष्टाचारलाई सस्थागत रुपमा अगाडि बढाए, त्योभन्दा नराम्रोगर्ने ठाउँ सायद अब बाँकी थिएन । त्यही बिकृति र बिसंगतिको जगमा यो परिणाम आएको तथ्यलाई अस्वीकार गर्न मिल्दैन । सरकारका गलत नीति कार्यक्रमले विदेशीन बाध्य लाखौं लाख युवाको आक्रोश पनि रास्वपाको बिजयका लागि महत्त्वपूर्ण रह्यो । अहिलेको सूचना प्रविधि र सञ्चारलाई रास्वपा ले जसरी प्रयोग गऱ्यो, त्यसमा अन्य पार्टी धेरै पछाडि रहेको देखियो । यीलगायत धेरै बिषयले उनीहरुको जीतलाई सुनिश्चित गऱ्यो । विशेषत: जेन्जी आन्दोलनका क्रममा भएको गत भाद्र २३ को नरसंहारलाई तत्कालीन सरकारले नैतिक जिम्मेवारीसमेत नलिनुले मुख्यत: एमाले तथा पुराना संसदवादी पार्टीप्रति अरु तीब्र घृणा उत्पन्न भएको थियो । केपी ओलि नेतृत्वको तत्कालीन सरकारको अपदस्तपछि जुन शून्यताको अवस्था आयो, त्यसमा पर्दा पछाडिबाट आन्दोलनकारीको अभिभावक बनेर बालेन्द्र शाहले खेलेको भूमिका तथा त्यही जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारको गठन र निर्वाचनको म्यापरोडलाई अरु दलले बुभ्न् नसक्नु पनि अहिलेको परिणाम हो । यसकासाथै बिदेशी शक्ति केन्द्रहरुले यहाँका शासक र शासनलाई नजिकबाट नियालिरहेका थिए । हिजो जेन्जी आन्दोलनलाई पनि उनीहरुले आफ्नो हितमा प्रयोगगर्न बनाएका बिभिन्न संस्था तथा सञ्जालहरुको भरथेगमानै अन्तरिम सरकार बन्न पुगेको थियो। त्यतिमात्र होइन,चुनाव गराउन गएका धेरै मन्त्रीहरु बीचमै सरकार छोडेर निर्वाचनमा जानु र ती स्वयं रास्वपाको उम्मेदवार हुनुले पनि यो निर्वाचनको परिणाम बुभ्न् त्यति गाह्रो छैन ।

जहाँसम्म निर्वाचनपछि बनेको रास्वपाको एकलौटी सरकारले देशको अवस्थामा पूरै कायपलटनै गर्छकि भन्ने जुन आशा र भरोषा जनतामा छ, त्यो वास्तविकलाई बुभ्न धेरै प्रतीक्षा गर्नुपर्ने छैन । केही समयपछि त्यो पनि प्रष्ट हुनेछ । अहिले निर्वाचनमा बिजय हुने धेरैजसो उम्मेदवार जेन्जी आन्दोलनको भावनासँग जोडिएका युवा तथा उर्जाशील ब्यक्तिहरु रहेकोले पहिलेभन्दा कैयौं सुधारका काम अवस्य होलान् तर , त्यो भन्दा बढी आशागर्नु अर्को भट्कावनै हुनेछ । आशा गरौ जेन्जीहरुले उठाएका मुद्धा मुख्यत: भ्रष्टाचारीमाथि कारवाही, सुशासन, सामाजिक न्याय, सर्वसुलभ शिक्षा, सहजरुपमा जनताको स्वास्थ्य उपचार र रोजगारी सिर्जना गरेर देश विकासको गतिमा अगाडि बढोस् । यो इच्छा र चाहना धेरै नेपालीले गरेका छन् त्यो स्वाभाविक पनि हो । तर, इतिहासदेखि जनताले हरेक परिवर्तनमा जुन अपेक्षा र आशागर्दै आए, ती अधुरोमात्रै रहेनन् बरु बारम्बार धोकाहुँदै आयो । त्यो नियतिबाट अहिले बन्ने सरकारले जनतालाई मुक्तगर्न सक्छ ? अवस्य पनि अहिलेको आर्थिक, सामाजिक, राजनीतिक प्रणालीबाट सम्पूर्ण देशका आधारभूत समस्याको समाधान हुँदैनन् । त्यसका लागि विद्यमान दलाल तथा नोकरशाही ब्यवस्थाको अन्त्य र स्वाधीन, आत्मनिर्भर अर्थब्यवस्थाको निर्माणको जरुरी हुनेछ । रास्वपाले अगाडि सारेको उदार अर्थब्यवस्था भनेको हिजो काग्रेस, एमाले र माओवादी कै निरन्तरता भएकोले यसबाट मौलिक परिवर्तनको आशागर्नु भनेको बेलको रुखबाट स्याउ फलाउने कथाजस्तै हो । तसर्थ , अहिलेको चुनावी परिणामले दलाल पूँजीवादकै सेवागर्ने हुँदा यसबाट आमूल परिवर्तनको कुरा सम्भव छैन । जहाँसम्म सुधारगर्ने कुरा छ, त्यो सम्भव छ । तर त्यसका लागि रास्वपाले अगाडि ल्याउने नीति र कार्यक्रम हेरेरमात्रै भन्न सकिने छ । अहिलेको निर्वाचनवाट रास्वपाले जुन सफलता प्राप्त गरेको छ, त्यसले देशको शासन सत्तामा तुलनात्मक हिसाबले केही परिवर्तन अवश्य गर्ला । तर, भूराजनैक जटिलता अरु गम्भीर हुने खतरा पनि त्यतिकै छ । त्यसैले नेपालको परराष्ट तथा सुरक्षा नीतिमा न्युनतम साझा राष्ट्रिय एकताका लागि सबै देशभक्त, लोकतान्त्रिक र वामपन्थी शक्तिहरुले पहल गरेर राष्ट्रिय सहमति कायमगर्न ढिलागर्नु हुदैन । त्यसलेमात्र देशको सार्वभौमिकता , राष्ट्रिय स्वाधीनता र नेपालको अखण्डताको रक्षागर्न सकिने छ । राष्ट्रिय स्वाधीनता र परनिर्भरताको बढ्दो चुनौतीलाई समयमै समाधानगर्न सकिएनभने त्यसले नेपालको अस्तित्वमाथि नै गम्भीर संकट आउन सक्छ । त्यसैले एकातिर यतिबेला देशको हितलाई केन्द्रमा राखेर बृहत राष्ट्रिय एकता कायम गर्न जिम्मेवार राजनीतिक पार्टी,नागरिक समाज र बौद्धिक समुदायको सचेतापूर्वक पहल कदमीको आवश्यकता छ भने अर्कोतिर लोकप्रियतावादले निम्त्याउन सक्ने फासीवादी खतराप्रति पनि त्यत्तिकै सजगताको जरुरी छ । जसका बारेमा सबै राजनीतिक पार्टी र शक्तिले आआफ्नो तहमा छलफल चलाउनु बढी सान्दर्भिक हुन्छ ।

**(लेखक : क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका नेता हुनुहुन्छ । )**

# कृषि प्रधान मुलुकमा कमजोर बन्दै गएको कृषिकर्मको अवस्था

**रुषा थापा**

नेपाललाई अझै कृषि प्रधान मुलुक भन्न छाडिएको छैन । तर यहाँको राजनीति र अन्य बिभिन्न कारणलेगर्दा बृषि नै कमजोर बन्दै गएको देखिएको छ । मुलुकमा वि.सं. १९९० र ०४५ सालमा ठूलो भूकम्प आएको थियो । ती भूकम्पबाट भौतिक क्षति पुग्यो । सर्वसाधारणको घर, मतान, गोठहरु भत्कायो । तर, मानवीय क्षति खासै भएन । ०७२ वैशाख १२ गते फेरि मुलुकमा महाभूकम्प आयो । त्यसअघिको भूकम्पमा भौतिक क्षति पुगेपनि मानवीय क्षति नभएकोमा यो भूकम्पमा ठूलो मानवीय र भौतिक क्षति पुग्यो । यसपछि पनि ०८० कात्तिक १७ गते भूकम्प गयो । यसमा पनि ठूलो मानवीय र भौतिक क्षति पुग्यो । अब प्रश्न उठ्छ-वि.सं. १९९० र ०४५ को महाभूकम्पमा खासै क्षति नपुग्दा ०७२ र ०८० को भूकम्पमा किन ठूलो क्षति भयो । कारण हो, घर ।

चार-पाँच दर्शकअघिसम्म मानिस बस्ने घर, खाद्यान्न राख्ने मतान र गाईवस्तु बस्ने गोठ हुन्थ्यो । यी ढुंगा, माटो र काठबाट बनाइएको थियो । छानोका रुपमा झिंगटी, खर, पराल, छलि, जस्तापाता राखिएको हुन्थ्यो । हरेकको घर, मतान र गोठ हुन्थ्यो । घरअगाडि आँगन हुन्थ्यो । अर्थात् खुल्ला ठाउँ हुन्थे । घर एक तलेमात्र हुने भएकाले ढलेपनि मानवीय क्षति खासै पुग्दैन्थ्यो । अर्कोतर्फ, घरअगाडि नै खुल्ला ठाउँ भएकोले भाग्न सजिलो हुन्थ्यो । घरको ढोकाबाहिर खाट राखिएको हुन्थ्यो । कोही आएमा थकाई मार्न । त्यतिखेर पानीको स्रोत थियो, ढुंगेधारा, कुँवा, तालतलैया, पोखरी, इनार, आल । यो गाउँले आफैंले मिलेर बनाउँथे । पार्टीपौवा, चौतारी पनि आफैंले बनाइन्थ्यो । सार्वजनिक काम गर्न मानिसहरु रुचाउँथे । नचिनेको मानिसलाई पनि खाना खुवाइन्थ्यो । बास दिइन्थ्यो । तर, ०४६ सालपछि सिमेन्ट, सिसा, महँगा ढुंगाको प्रयोग गरेर घर बनाउने चलन शुरु भयो । अहिले देशभर यस्ता घर छन् । जुन बाहिरबाट आकर्षक देखिन्छ । यस्ता घर बनाउन जग्गा र लागत धेरै लाग्छ । तर, पहिला घरमा एक रुपैयाँ लगानी लाग्दैन्थ्यो । काठ, ढुंगा र माटोको जोहो गाउँघर वा वनजंगलबाटै हुन्थ्यो । घर बनाउँदा पर्मा गरिन्थ्यो । अर्थात् कसैको घर बनाउँदैछ भने गाउँभरिका मानिसले सहयोग गरिदिन्थे । र, उनीहरुको पनि घर बनाउँदा सहयोग गरिन्थ्यो । अहिले त घर बनाउन ज्यालामा कामदार खटाइन्छ । अहिले एउटा घर बनाउनु परेमा करोडौं लाग्छ । तर, भूकम्प आउँदा यही घरले थिचेर धेरैको ज्यान गएको उदाहरण छन् । अर्कोमुख्य हो, आधुनिक घर बनाउने चलनको शुरुवातसँगै खेतीयोग्य जमिनको दोहन हुन थालेको छ । पहिले उब्जजी नहुने जमिनमा घर बनाइन्थ्यो ।

अर्थात् डाँडाकाँडामा घर हुन्थ्यो । किनकि यस्ता ठाउँमा उब्जनी हुदैंन्थ्यो । अहिले त समतल ठाउँमा घर बनाइन्छ । यसले खेतीयोग्य जमिन मासिरहेको छ । जसको प्रभाव हाम्रो कृषिमा देखिन थालिसक्यो । नेपाल विश्वसामु कृषिप्रधान मुलुकका रुपमा चिनिएको देश हो । ०४५ सालसम्म नेपालले बिभिन्न मुलुकमा खाद्यान्न बेच्थ्यो वा अनुदानमा दिन्थ्यो । त्यतिबेला काठमाडौं उपत्यकासहित हरेक ठाउँमा खेतपाती गरेरै जीविकोपार्जन चलाइन्थ्यो । एउटै व्यक्तिको दशदेखि सयौं रोपनी जग्गाजमिन हुन्थ्यो । प्रत्येकको घरमा धान, कोदो, मकै, गहुँको भकारी हुन्थ्यो । खाद्यान्न किन्ने चलन थिएन । तरकारी आफ्नै बारीमा हुन्थ्यो । त्यतिबेला किन्ने भनेको नुन र कपडामात्र थियो । त्यस्तै, हरेकको घरमा डोको, थुन्छे, घुम, हलो, जवा, कोदालो, कोदाली, हसिया, डेकी, जातो, ओखल, खरपनलगायत सामग्री हुन्थ्यो । तर, खेतीपाटी गर्ने परम्परा पलायन हुँदै गएसँगै यी सामग्री पनि देखिन थालेको छ । अहिलेका पुस्तालाई हसिया भनेकोसमेत थाहा छैन ।

अझ दुःख र लाजलाग्दो कुरा त के हो भने कृषिप्रधान मुलुकका हामी नागरिक विदेशबाट आयातित खाद्यान्न खाइरहेका छौं । विदेशीले खाद्यान्न नदिने हो भने हामी भोकभोकै मर्नुपर्ने अवस्था छ । कसरी भयो त यस्तो ? अहिलेका मानिसहरुलाई कृषि गर्न लाज लाग्छ । नपढेको मानिसले मात्र कृषि गर्छ भन्ने शोचको विकास भएको छ । बरु लाखौं रकम खर्चिएर विदेश गई भाडा माझ्ने काम गरिन्छ । तर, आफ्नै देशमा आफ्नै गाउँमा खेतीपाती गर्न मानिसहरुलाई लाज लाग्छ । उनीहरुको बेइज्जत हुन्छ । फेरि विदेशी खाद्यान्नमा मासिक हजारौं रकम खर्च भइरहेको र आफू रोगी भइरहेको देख्दैनन् । सरकार र जनता दुवै अल्छी भए । अहिलेका जनता सुःखी जीवन चाहन्छन् । गाईवस्तु पाल्न चाहन्न । खेतबारीमा जान चाहन्न । अहिले त घर बनायो, भाडामा लगायो अनि बसिबसि खायो । तर, पहिले जीविकोपार्जनको एकमात्र उपाय थियो, खेतीपाती । खेतमा काम नगरे काम पाइन्थ्यो । अहिले त खेतबारी भनेकै युवापुस्तालाई थाहा छैन । दुध कहाँबाट आउँछ ? सोध्दा धेरैजसोको जवाफ हुन्छ- डेरीबाट । अनि के भन्ने । अभिभावकहरु पनि आफ्ना सन्ततिलाई विदेश पठाउन तयार हुन्छन् तर देशमै कृषि गरेर बस्न दिन मान्दैनन् । कृषि सबैतिरबाट हेलित पेशा बन्यो । यसैले, अब सरकारले कृषिलाई समाजको हेलाबाट निकाल्न केही कदम चाल्नुपर्छ । मानिस भोक खप्न नसक्ने प्राणी हो । खानाबिना मानिस बाँच्न सक्दैन । विडम्बना, त्यही अन्न उब्जन आजकलका मानिसहरुलाई लाज लाग्छ । यदि यही क्रम जारी रहने हो भने केही वर्षपछि देशभरबाट कृषि विस्थापित हुनेछ । यसो भएमा मुलुकमा खाद्यान्नको ठूलो संकटमात्र होइन, खाद्यान्नकै कारण विदेशी हस्तक्षेपसमेत बढ्न सक्नेछ । यसतर्फ बालेन्द्र साह सरकार सचेत होस् । सर्वसाधारणमा पनि चेतनाको विकास हुन जरुरी भइसक्यो । ऋण लिएर आधुनिक घर बनाउँदैमा, पढ्दैमा कोही ठूलो मान्छे हुँदैन । ठूलो मान्छे हुन धेरै बुझेको हुनुपर्छ । सहीलाई सही र गलतलाई गलत छुट्याउनसक्ने हुनुपर्छ । पहिलाका मानिसहरुले नपढेपनि धेरै बुझेका थिए । ऋण लिनुहुन्न, लहैलहैमा लाग्नुहुन्न, दुःख गर्नुपर्छ, चोर्नुहुन्न भन्ने चेतना उनीहरुमा थियो । तर, अहिले त काम नगर्ने **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## सांगीतिक क्षेत्रका हस्तीलाई पुरस्कृत गरिने

काठमाडौं । सांगीतिक क्षेत्रका हस्तीलाई पुरस्कृत गरिने भएको छ । प्राप्त समाचारअनुसार नेपालको सांगीतिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका संगीतकार नातिकाजी श्रेष्ठको स्मृतिमा नातिकाजी स्मृति समाजले बिभिन्न सांगीतिक हस्तीलाई पुरस्कृतगर्ने भएको हो । हरेक बर्ष नातिकाजी श्रेष्ठको जन्मजयन्ती (पुस ३ गते) का दिन पुरस्कार घोषणागर्दै आएकोमा आमनिर्वाचन तथा विविध कारणले यस बर्षको पुरस्कार घोषणामा ढिलाइ समाजका सचिव विश्वास घिमिरेले जानकारी दिनुभएको छ । सम्मान तथा पुरस्कार सर्म्पण कार्यक्रमको मिति, समय र स्थानपछि सार्वजनिक गरिने उहाँले बताउनुभएको छ । नातिकाजी स्मृति समाजको कार्यसमितिको हालै बसेको बैठकले बिभिन्न कलाकार तथा श्रष्टालाई नातिकाजी राष्ट्रिय संगीत सम्मान तथा पुरस्कार प्रदानगर्ने निर्णय गरेको हो । समाजले एक विज्ञप्ति जारीगर्दै नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान गीतकार नारायणकुमार आचार्य, गायक जुजुकाजी रञ्जीत, गीतकार वीरेन्द्र पाठक, गायक शशी गुरुङ, गायक गणेश पराजुली, गीतकार/गायक/संगीतकार डा भीमार्जुन आचार्य, संगीतकार निर्वाणसिंह गुरुङ, गीतकार साबु गदाल, गीतकार तथा संगीतकार अष्ट लामालाई प्रदानगर्ने निर्णय गरेको छ । त्यसैगरी नातिकाजी राष्ट्रिय संगीत पुरस्कारबाट गीतकार मनोज खड्का, गायक रोशन गुरुङ, संगीतकार ताराप्रकाश लिम्बू, गायिका सरिता शाही, एरेन्जर चाँद सिंह र रेकर्डिष्ट महेश्वर राजभण्डारीलाई पुरस्कृत गरिने भएको छ । नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कारबाट गायिका सहिमा श्रेष्ठ, गायक सुरेश लामा तथा गायिका विपना तामाङलाई प्रदानगर्ने निर्णय गरिएको बताइन्छ । नातिकाजी राष्ट्रिय शास्त्रीय संगीत पुरस्कारबाट प्रमोद उपाध्यायलाई पुरस्कृत गरिनेछभने नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार पत्रकार अनन्त वाग्ले र गीता अधिकारीलाई प्रदानगर्ने निणय भएको समाजले जनाएको छ ।

## कमल कोइराला स्मृतिग्रन्थ सार्बजनिक

काठमाडौं । चर्चित पत्रकार कमल कोइरालाको स्मृतिग्रन्थ सार्बजनिक गरिएको छ । कमलप्रसाद कोइराला स्मृतिग्रन्थ प्रकाशन समितिले हालै आयोजना गरेको कमलप्रसाद कोइराला स्मृतिग्रन्थ लोकार्पण समारोहमा पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारीले उहाँका सबै परिवारका अग्रज फरक राजनीतिक धारको अग्रस्थानमा रहेपनि कोइरालाले आफ्नै वैचारिक मार्ग खोजेको बताउनुभएको थियो । उहाँले कम्युनिष्ट विचारधारालाई आत्मसातगर्दै उहाँले जीवनपर्यन्त राष्ट्रियता सार्वभौमिकता, सामाजिक न्याय र समानताको पक्षमा दृढदापूर्वक कलम चलाउनुभयो र संघर्षको कठीन बाटो अंगाल्नुभयो । कमल कोइरालाको जीवनशैली अन्यन्त सरल, सादगीपूर्ण र मिलनसार थियो । पद प्रतिष्ठा र विलासिताभन्दा टाढा रही आफ्नो जीवन लेखक र राजनीतिक अभियानका माध्यमबाट जनता र राष्ट्रको सेवामा समर्पित रहनुभएको थियो भन्नुभएको थियो । नेपाली कांग्रेसका नेता शेखर कोइरालाले कमल कोइराला आफ्नो परिवारको एक्लो कम्युनिष्ट रहेको चर्चागर्दै पछिल्लो पटक उहाँ कम्युनिष्ट आन्दोलनप्रति नरमहुँदै गएको बताउनुभएको थियो । नेपाली कम्युनिष्ट पार्टीका नेता गिरिराजमणि पोखरेलले नेपालमा कम्युनिष्ट पार्टीको जनमत खस्केकोभन्दै त्यसलाई गम्भीरताका साथ लिनुपर्ने बताउनुभएको थियो । वरिष्ठ पत्रकार किशोर श्रेष्ठले कमल कोइराला सरल, सहज र सादगी व्यक्तिकारुपमा परिचित रहेको बताउनुभएको थियो ।

## साहित्यिक पत्रकार संघद्वारा सम्मान प्रदान

काठमाडौं । ४५ औं कथा दिवसका अवसरमा साहित्यिक पत्रकार संघले बिभिन्न विधाका साहित्यिक सर्जकहरुलाई एक कार्यक्रमबीच सम्मान एवं पुरस्कार प्रदान गरेको छ । त्यसक्रममा भवानी साहित्यिक पत्रकारिता सम्मानबाट साहित्यिक पत्रकार रमेश पोखरेल (कार्यकारी सम्पादक, शब्द संयोजन मासिक), साहित्यिक पत्रकार प्रवीण जोशी (श्रृंखला साहित्यिक मासिकका सम्पादक/प्रकाशक), लोकप्रिया पुरस्कारबाट साहित्यकार प्रतिसरा सायमि, व्यथित काव्य सम्मानबाट कविहकठीन विमला तुम्खेवा र मीनकुमार श्रेष्ठ तथा व्यथित काव्य डायस्पोरा सम्मानबाट लालगोपाल सुवेदी र दीपा राईलाई सम्मान गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि एवं नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति वरिष्ठ कलाकार केके कर्माचार्यले सम्मान र पुरस्कार समर्पण गर्नुभएको थियो । सम्मानित सर्जकहकठीनले नेपाली साहित्यिक क्षेत्रमा ठूलो योगदान दिनुभएको उहाँले बताउनुभएको थियो । कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, वरिष्ठ समालोचक प्रमोद प्रधान, वरिष्ठ साहित्यकार श्रीओम श्रेष्ठ, पुरस्कृत सर्जकहरु रमेश पोखरेल, प्रवीण जोशी, प्रतिसरा सायमि, विमला तुम्खेवा र मीनकुमार श्रेष्ठ नवोदितले आआफ्नो धारणा राख्नुभएको थियो ।

## यादवलाई सामाजिक सम्मान पुरस्कार

काठमाडौं । समाजसेवी एवं अभियन्ता रामरिझन यादवलाई दाहाल प्रतिष्ठानले पद्मप्रसाद-कृष्णकुमारी दाहाल सामाजिक सम्मान पुरस्कार-०८२ प्रदानगर्ने भएको छ । विराटनगर निवासी समाजसेवी बद्रीप्रसाद पहाडी दाहालले आफ्ना मातापिताको स्मृतिमा दशलाखको अक्षयकोष स्थापना गर्नुभएको थियो । सोहीबाट प्राप्त ब्याजको रकमबाट यो सम्मान/पुरस्कार प्रदानगर्ने निर्णय गरिएको कोष सञ्चालक समितिले जनाएको छ । चार दशकभन्दा बढी समयदेखि समाजसेवा, पत्रकारिता, प्राध्यापन, लेखन र अभियानका माध्यमबाट सद्भाव प्रवर्द्धन तथा भाइचारा वृद्धिमा क्रियाशील यादवलाई एक लाख एक हजार नगद राशीसहितको पुरस्कार प्रदानगर्न लागिएको प्रतिष्ठानका महासचिव सूर्यकुमार दाहालले जानकारी दिनुभएको छ । ०१६ साल फागुन १७ गते सिरहाको सन्हैठामा जन्मनुभएका यादवको लेखन तथा सम्पादनमा नेपाली र मैथिली भाषामा वातावरणीय समस्या, समाधान, विज्ञान, वातावरणलगायत आठवटा कृति प्रकाशित छन् । भाषा र संस्कृति प्रवंर्द्धनका लागि अनवरत क्रियाशील वरिष्ठ पत्रकार यादवले नेपाल पत्रकार महासंघद्वारा स्वतन्त्रता सेनानी सम्मान, वातावरण पत्रकारिता पुरस्कारलगायत दर्जनौं सम्मान तथा पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

## देवकुमारी स्मृति पुरस्कार प्रदान गरिने

काठमाडौं । कवि ज्ञान उदासलाई देवकुमारी थापा स्मृति गुठीले ५१ हजार राशिको देवकुमारी थापा स्मृति सम्मान प्रदानगर्ने घोषणा गरेको छ । २०१८ सालदेखि साहित्य सेवामा निरन्तर सक्रिय उदासका सातवटा कविता संग्रह प्रकाशित छन् । यो सम्मान ०६८ **बाँकी ७ पेजमा**

# आजका सन्दर्भमा नवउदारवादी अर्थनीतिले सिर्जना गर्ने संकट

सीताराम तामाङ

## आर्थिक मञ्च



नेपालमा मात्र नभएर बिश्वमै नवउदारवादी अर्थतन्त्रले संकट सिर्जना गर्दै लगेको देखिएको छ। जसलाई इतिहाससँग दाँजेर र लामो घटनाक्रमका आधारमा संस्लेषणगर्नु आवश्यक छ। नेपालका सन्दर्भमा भन्नुपर्दा पृथ्वीनारायण शाहले सन् १७६७ बाट गोरखा राज्य विस्तार अभियान शुरु गरे। राज्य विस्तार क्रममा उनका नाती रण बहादुर शाहको पालामा सन् १७९०-९२ मा तिब्बतसँग भएको युद्धले नेपालको उत्तरी सीमाना तय गऱ्यो। त्यसरी नै सन् १८१४-१६मा भएको ब्रिटिस-इण्डियासँगको युद्धले पूर्व, पश्चिम र दक्षिणतर्फको सीमाना निर्धारण गऱ्यो। सन् १९५७ को सिपाही विद्रोह दबाउन जंगबहादुर राणाले ब्रिटिस सरकारको चाकडी गरेपछि सन् १९६० मा नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लाहरु)फिर्ता पाए। यो नयाँ मुलुक समेतको सीमाना भएको नेपाल सरहदको सीमानाहालको सीमाना मानिएको छ।

नेपाल मध्य एसियाको हिमाली श्रृखंलाको पश्चिममा नन्दां पर्वत ( पाकिस्तान) र पूर्वमा नाम्चे बरुवा पर्वत (तिब्बत) बीचको भूभागको दक्षिण पाटोमाअवस्थित एउटा मझौले चीन र भारतद्वारा भूपरिवेष्ठिती देशको रुपमा रहेकोछ। यो देश जन्मले नै दुई ढुंगा-बीचको 'तरुल' भएकोले यस्को अस्तित्वको प्रश्न प्रथम र विकासको प्रश्न दोस्रो रहि आएकोछ ! अस्तित्व नभई विकास नहुने र विकास नभई अस्तित्व नबाच्ने ! आज पनि देश अति कम विकसित मुलुकको रुपमा रहेको वा राखिएको छ। यहाँका शासकवर्गले 'नेपालदेश (अस्तित्व) नरहन पनि सक्छ !' भन्ने मानसिकतासँग नेपालको विकास जोड्ने गर्दैआएका छन्। त्यसैले आज हामी यो अवस्थामा किन छौं ? र यसको अस्तित्वको रक्षा र विकासको कार्यदिशा के हुनसक्तछ ? भन्नेबारे छलफल गर्नेछौं। प्राक-ऐतिहासिककाल :बौद्ध धर्मको प्रवेशबाट मात्रै नेपाली समाज (तत्कालित उपत्यका) सभ्य संसारमा प्रवेश गरेको, खेती-पाती साथै बाणिज्य-ब्यापारले पनि विकासगर्न थालेको देखिन्छ। यो कुरा कसरी पुष्टी हुन्छभने बुद्धकै पालामा दक्षिणका ब्यापारीहरु नेपालमा आउने-जाने गर्दथे र तिनै ब्यापारीहरुको साथ लागेर केही बौद्ध भिक्षुहरु पनि उपत्यकामा आएर केही दिन बसी फर्कने गर्द शस्थे। जिनाभित्रको 'मूल सर्वास्तिवाद विनय संग्रह' अनुसार पनि भारतीय ब्यापारीहरु (महाजनहरु) यहाँबाट धेरै मात्रामा उन र हरिताल(१)लैजान्थे भन्ने देखिन्छ। प्राक-इतिहासकालमा नेपालका आदिवासी बस्तीहरु गाउँकैरुपमा रहेको कारण यहाँका मानिस खेतीपातीकासाथै हस्त सिल्पका बस्तुहरु तयार गर्दथे र तिनको ब्यापार हुनेगर्दथ्यो तर शहरको रुपमा बस्ती बसेको र उद्योगधन्दाको शुरुवात भएको प्रमाण पाइदैन। नेपालमा (उपत्यकामा) सामन्तवादको आरम्भ लिच्छविकालबाट (पाँचौ शताब्दी) भएको हो। यो कालमा शहर निर्माणको प्रक्रियासँगै कृषि उत्पादन र हस्तसिल्पकाबीच विनिमय प्रक्रियाको थालनीले नयाँ श्रम-विभाजनको जन्मभयो।

एंगेल्सले यसलाई सभ्य युगकै लागि एक महत्वपूर्ण श्रम-विभाजन भनेका छन्। यो त्यस्तो वर्गको सृजना भयो, जो उत्पादनमा नभएर वस्तु विनिमयमा मात्र संलग्न हुन्थ्यो। उत्पादनकर्ता र उपभोगकर्ताका बीच एक तेश्रो ब्यापारी वर्गको काम दास युगदेखि शुरुभएको थियो। तापनि एक खास पेशेवार अलग वर्गकैरुपमा परिणत( ब्यापारी वर्ग) भने सामन्ती युगमा आएर भएको थियो। (२) राहुल सांकृत्यानले पनि भनेकाछन्-नेपालमा सामन्ती युगमा ब्यापारीवर्गको कारण नेपाल-तिब्बत बीचको ब्यापार सुगम भएको र यो वर्गको जन्मले उत्पादकहरुलाई बिक्रिको चिन्ताबाट मुक्त मात्र गराएनकि अन्ततःउनीहरुलाई नै पनि आफ्नो अधीन बनायो। वास्तवमा छैठौं शताब्दीमा तिब्बतमा राजा श्रङ्चङ्गोन्पोको उदयपश्चात नेपालको तिब्बतसँगको व्यापार फष्टाएकोले नेपालमा उद्योगधन्दाको विकास भयो। लिच्छविकालमा नेपालको व्यापार भारत र चीन-तिब्बतसँग चलेको देखिन्छ। सातौं शताब्दीमा नेपाल भ्रमणगर्ने चिनियाँ यात्री हु यानच्याङको वृतान्तले पनि उक्त कुराको पुष्टिगरेकोछ। ठकुरीयुगमा ( पूर्वमध्यकाल) आएरमात्र नेपालमा बर्तमान नगरहरुको प्रारुप बनेका हुन्। काठमाडौं, पाटन र भादगाउँमा नगर बसालिए। यसले परम्परागत कला, उद्योग-व्यवसाय तथा अन्य उत्पादन र बाह्य ब्यापारमा बृद्धि भयो। चीन-तिब्बत र भारतसँगको आर्थिक सम्बन्धको विस्तारले काठमाडौं उपत्यकाको आसपासका बाटाहरुमा पनि ठाउँ ठाउँमा व्यापारिक बस्तीहरुको विकास भयो। मल्लकालमा आएर राजदरवारलाई केन्द्र मानेर तिनका वरिपरि नगरको थप विकास गरियो। उपत्यकामा अन्यत्र पनि बाक्ला ब्यवसायिक बस्तीहरु (पुरहरु) र ग्रामिण बस्तीको विकास भयो। जयस्थिति मल्लको सुधारपछि घरेलु उद्योगसँग सम्बन्धित व्यवसायहरु जातीय पेशाकारुपमा परिवर्तन हुनगयो। राजा यक्षमल्लले गरेको राज्य विभाजनले उपत्यकामा गृहकलहको वीउ रोपिए (जसले मल्लहरुको अन्त्यलाई छिटो ल्याईदियो) तापनि त्यसले उपत्यकाको अलग अलग शहरको उन्नतिमाभने सहायता नै पुऱ्यायो। तीनै शहरका राजाहरुको आपसी प्रतिस्पर्धाले गर्दा तीनै शहरहरुको निर्माण, वाणिज्य-व्यवसाय र समृद्धिमा निकै बल पुग्यो। यसरी लिच्छवी र मध्यकालीन नेपालमा घरेलु तथा हस्तकला सम्बन्धी उद्योगहरु र व्यापारको विकास भएको देखिन्छ। यसो हुनुमा (क) नेपाल भारत र तिब्बत-चीनको मध्यस्थ व्यापारी केन्द्र हुनु (ख) नेपालको मुद्रा तिब्बतले स्वीकार्नु (ग) तिब्बतमा उद्योग-धन्दाको विकास नहुनु र नेपाली माल सामान तिब्बतमा लोकप्रिय हुनु (घ) सरकारी नीति घरेलु तथा हस्तकला उद्योगलाई संरक्षणगर्ने खालको हुनु, आदि रहेको थियो। युरोपमा ईसाको १८ औंशताब्दीको अन्त्यतिर सामन्तवाद ढलेर पूँजीवादको विकास शुरुभएको थियो। त्यसबखत नेपालमा, खासगरी कान्तिपुर-ललितपुर-भक्तपुर सम्मिलित नेपाल खाल्डोमा घरेलु उद्योगको विकास र विदेशसितको व्यापारले गर्दा व्यापारीको विकास हुदैथियो। त्यस्तो स्थितिमा पृथ्वीनारायण शाहको नेतृत्वमा रहेको गोर्खाली आक्रमणबाट नेपालभित्र गृहयुद्ध थालनी भयो। गृहयुद्धबाट आर्थिक विकास रोकिन गयो र शाहवंशीय शासनले (स्थापित भएपछि) सामन्ती व्यवस्था र सामन्त शोषण तीब्र पाऱ्यो। त्यसैले सामन्तवाद सुदृढहुँदै गयो र पूँजीवादी विकासपछि गऱ्यो। गोर्खाली शासकवर्गले सन् १७६८ देखि सन् १८१६ सम्म नेपाललाई सैनिक शासनमा राखेको थियो। अरु मुलुकहरुमा प्रजातांत्रिक क्रान्तिसँगै औद्योगिक क्रान्ति अघि बढिरहेको थियो। तर नेपालमाभने तत्कालीन राजनीतिक नेतृत्व सम्हालेको सामन्ती दरबार जनताको राजश्व, कर खाएर सत्ताको व्यक्तिगत तथा पारिवारिक लुछाचुँडीमा लिप्त थियो। सन् १८१६ को सुगौली सन्धिले नेपाललाई ब्रिटिस-इण्डियाको अर्ध-उपनिवेश बनायो र त्यसबेलादेखि यहाँका सामन्ती सरदारहरुलाई शक्तिमा टिक्न विदेशी साम्राज्यवादको पनि आडभरोसा आवश्यकता पऱ्यो। अबदेखि यहाँका सामन्त दरवारहरुको प्राथमिकता अंग्रेज साम्राज्यवादीको चाकरी हुनगयो न कि देशको विकास। जंगबहादुर राणा सन् १८४६ मा सत्तामा आउनुको पछाडि अंग्रेजको मद्धत थियो। राणाशासनकाल पूरै सैनिक शासनको काल र राणाहरुको भाइ भतिजावाद यति व्याप्त थियोकि जिल्ला जिल्लाका गौडा गौडामा र कुनै पनि सरकारी लाभको पदमा माथि माथि राणाहरु मात्र नियुक्त हुन्थे। देशभरी सामन्तवाद थियो। समुदाय समुदायमा चर्को विभेद थियो, मानिस **बाँकी ७ पेजमा**

# जनताको निष्क्रिय खातामा रहेको रमकका नयाँ सरकारको नजर

अनुसा थापा

जनताको निष्क्रिय खातामा रहेको रमकका नयाँ सरकारको नजर पर्न थालेको देखिएको छ। तर यो पछिसम्मका लागि बिवादको बिषय बन्ने निश्चित छ। सर्वसाधारणले आफ्नो सम्पत्ति बेचेर, जागिर खाएर, विदेश गएर कमाएको रकम बैंक, फाइनेन्स, सहकारी, लघुवित्तमा राखेका छन्। बैंकमा सुरक्षित रहन्छ र थोरै भएपनि ब्याज आउँछ भनेर सर्वसाधारणले पैसा बचत गरेका हुन्। तर, बचतकर्ताको बचत बैंक तथा वित्तिय संस्थाका सञ्चालक र कर्मचारीले आफ्नो खल्तीको झैं गरे। बचतकर्ताले खाईनखाई, जिन्दगीभर दुःख गरेर राखेको पैसा घुस खाएर सञ्चालक र कर्मचारीले जोखिमपूर्ण क्षेत्रमा लगानी गरेका छन्।

जसका कारण आज बचतकर्ता डुब्ने अवस्थामा पुगेका छन्। सुरक्षित हुन्छ भनेर बैंक तथा वित्तिय संस्थामा पैसा राखेकोमा त्यहीं चोरी हुनथालेको छ। कर्मचारीहरुले नै खाताबाट पैसा निकालिरहेका छन्। बैंक तथा वित्तिय संस्थाले नागरिकको विश्वासमाथि घात गरेका छन्। सहकारी र लघुवित्त डुब्दा करोडौं जनताको बिल्लीबाठ भएको छ। अहिले बैंक पनि संकटमा छ। बैंकमा समस्या देखिइसकेको छ। जलविद्युतसहित अन्य कम्पनीले १०० रुपैयाँमा निकासा गरेर सेयरलाई बैंकले ३२०० रुपैयाँसम्म लगानी गरेको छ। अनि बैंक नडुबेर के डुब्छ ? लगानी गर्नुअघि बैंक तथा वित्तिय संस्थाका कर्मचारीले जनताको पैसा हो भनेर शोचनुपर्दैनथ्यो ? छिटो नाफा कमाउनका लागि बैंकले प्रतिआना एक लाख रुपैयाँमा बिक्री नहुने जग्गामा करोडौं लगानी गरेको छ। घरस्स खानका लागि गाडीमा आँखा चिम्लेर लगानी गरिएको छ। यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नुको साटो उद्योग-कारखानामा गरेको भए राज्य र जनतालाई कति फाइदा हुन्थ्यो ? त्यो पैसा डुब्थ्यो ? बैंक तथा वित्तिय संस्था दिनको दुईगुणा र रातको चौगुणा कमाउनतिर लागे। जसको असर आज देखिँदैछ। सहकारी डुबिहाल्यो। अहिले बैंकमा संकट देखिँदैछ।

पहिले बुढापाकाले भन्थे,'मुठ्ठीभित्रको धन।' मुठ्ठीबाट पैसा उम्केपछि आउँदैन भनेर उनीहरु लुकाएर राख्थें। बुढापाकाले दिएको उपदेश ढिला बुझ्दा जनता डुबेका हुन्। ब्याजको लोभमा जनताले आफ्नो पुर्ख्यौली सम्पत्तिसमेत बेचेर बैंक तथा वित्तिय संस्थामा राखे। अहिले साँवा नै बचेन। बैंक तथा वित्तिय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गर्दा सरकारले मतलब गरेन। सरकारले इजाजतपत्र दियो, कर लियो तर नियमन गरेन। सरकारको हेल्चेक्र्याइँले बैंक तथा वित्तिय संस्था अस्तित्व नै मेटिने अवस्थामा पुगेको छ। पहिले सहकारी डुब्यो, अब बैंकको पालो आउँदैछ। सरकारले बैंक तथा वित्तिय संस्थामा नियमित नियमन गरेको भए, सायदै आज यो अवस्था आउँथ्यो। यता, जनता पनि ब्याज आउँदा मख्ख परे। आफ्नो पैसा कहाँ लगानी गरेर बैंक तथा वित्तिय संस्थाले लगानी गरेको छ ? जनताले कहिल्यै खोजेनन्। महिनैपिच्छे ब्याज आएपछि बचतकर्ता मख्ख। काम नगर्ने, ब्याजमा रमाउने प्रवृत्ति मौलाउँदै गएको थियो। बचतकर्तालाई राम्रो ब्याज दिन र घुस खान बैंक तथा वित्तिय संस्थाले जोखिमपूर्ण क्षेत्रमा लगानी गऱ्यो। अहिले पैसा डुबेपछि बचतकर्ता पछुताउँदै छन्। बचतकर्ता कहिल्यै आफ्नो पैसा कहाँ लगानी गरिएको छ ? भनेर खोज्न हिँडेनन्। कुन बैंकले कति ब्याज दिन्छ ? कहाँ बढी ब्याज पाइन्छ ? भनेर खोज्दै हिँड्थे। तर, भुइँको टिप्न खोज्दा पोल्टाको पनि खसेको छ। पहिले बैंक तथा वित्तिय संस्थाले लुट्यो, अब सरकारले लुट्दै छ। जनताको पैसामा सरकार नजर गाँढेर बसेको छ। सरकारले निष्क्रिय खातामा रहेको एक खर्ब ६६ करोड रुपैयाँ राष्ट्रियकरणगर्ने तयारी गरिरहेको छ। जनताको पैसा त्यसरी लैजान मिल्छ ? सरकारले त सार्वजनिक सूचना जारी गरेर क-कसको खातामा कति पैसा छ ? जनतालाई जानकारी गराउनुपर्ने हो। त्यसपछि पनि जनता हकदाबी गर्न आएनन् भने छुट्टै कुरा हो। तर, सरकार सूचनानै जारी नगरिकन जनताको पैसा खलप्पै पार्ने दाउमा छ। सरकारले स्रोत नखुलेको पैसा राष्ट्रियकरण गरोस्। जनताकै हकमा पनि खोजतलास गरोस्, स्रोत खुलेन भने राज्यको नाममा लगोस्। तर, राज्य जनताले बचत गरेको पैसामा आँखा लगाएर बसेको छ।

त्यसरी बचत गर्ने कतिपय मरिसकेका होलान्। उनीहरुको परिवारलाई पैसा राखेको छभनेर जानकारी नहोला। तिनलाई जानकारी गराउनेकि जानकारी नभएको मौका छोपेर हात मार्ने ? सरकार पनि जनता लुट्ने बाटोमा छ। बाबुआमाको सम्पत्तिमा छोराछोरीको हकदाबी लाग्छ। तर, थाहै नपाई कसरी हकदाबी गर्नु ? सरकारले निष्क्रिय खाताको पैसा राष्ट्रियकरण गर्नुअघि सार्वजनिक सूचना जारी गरेर जनतालाई सूचित गराउनुपर्छ। सरकारले एक लाखसम्म बचत भएका सहकारीका बचतकर्तालाई रकम फिर्ता गर्ने निर्णय गरेको छ। जनताले तिरेको करबाट सरकारले त्यो रकम फिर्ता गर्दैछ। जनताले तिरेको **बाँकी ७ पेजमा**

# समाचार विविध

## बिभिन्न महत्वपूर्ण ठेक्काहरु तोडिदै

काठमाडौं। नेपालमा नयाँ सरकार गठन भएपछि बिभिन्न ठेक्का तोड्न शुरु गरिएको छ। यसैक्रममा कर्णाली राजमार्ग सडकखण्डका वर्षौंदेखि अलपत्र अवस्थामा रहेका १० वटा ठेक्का एकैपटक सडक डिभिजन कार्यालयले तोड्ने प्रक्रिया शुरुगरेको थाहाभएको छ। सो कार्यालयले एक सार्वजनिक सूचना प्रकाशितगर्दै सडक कार्यालयले ठेक्का सम्झौता गरेर पनि समयमा काम सम्पन्न नगर्ने छवटा निर्माण कम्पनीको ठेक्का अन्त्यगरिएको जनाएको छ। सो कार्यालयले कर्णाली राजमार्गअन्तर्गतका कालीकोट जिल्लाको दहीखोला मान्म-नाग्म जुम्ला खण्डमा शाखा सडकमा सडक सुरक्षा कार्यहरु व्यवस्थापन र जुम्लाको कुडारीदेखि कालीकोटसम्म सडकको कल्भर्ट निर्माण र संरक्षण कार्यहरुसहित विशिष्ट मर्मतकार्य गर्नका लागि आब ०७८/७९ धुर्वा निर्माण सेवा सुर्खेतसँग सम्झौताभई उल्लेखित मितिमा निर्माण सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी पटक,पटक म्याद थप गरिएको र थपिएको म्याद पनि समाप्त भइसकेकाले ठेक्का तोडिएको भनेको छ। त्यसैगरी कर्णाली राजमार्ग सडकखण्ड अन्तर्गतको कालीकोटको बालीघाट नजिकै विशेष मर्मतकार्य र खुल्लालेदेखि घोडेङ्गासम्म बर्षधिक मर्मतसम्भार कार्य आब ०७९/८० मा कृष्ण निर्माण सेवासँग सम्झौता भएपनि तोकिएको समयमै निर्माण कम्पनीले कामगर्ने नसकेको भन्दै ठेक्का तोडिएको छ। आब ०७९/८० मा अविनास निर्माण सेवासँग नाग्म-गमगडी सडकखण्डको मुगुको ताल्चादेखि रारासम्म सडकको विशिष्ट मर्मतकार्यको सम्झौता भएको थियो। सडक सुधारको काम तुमदेखि लामाचौर सडक राराको प्रतक्की मार्ग च्यनाथ रारा संरचना फराकिलो र फुटपाथको काम विनाम्रा निर्माण सेवा सुर्खेगस्तसँग आब ०८०/८१ मा भएको सम्झौताअनुसार काम नभएपछि पटक,पटक ताकेता गरेको र धेरैपटक भन्दा पनि काम नभएपछि ठेक्का तोड्ने प्रक्रियाअघि बढेको सडक भिडिजन कार्यालयले जनाएको छ। यसअघि कर्णाली राजमार्गका चारवटा रुग्ण अवस्थामा रहेका ठेक्का सडक डिभिजन कार्यालयको आफ्नो कार्यक्षेत्रभित्र पर्ने कालीकोटका दुई, मुगुको नाग्म-गमगडी सडकखण्डको एक र जुम्ला डोल्पाहुँदै मनाङ-मुस्ताङ जोड्ने सडकगरी चारवटा ठेक्का तोडिएको जनाइउको थियो। निर्माण व्यवसायीलाई लिखित तथा मौखिकरुपमा कार्य सम्पन्नगर्न पटक,पटक अनुरोधगर्दा पनि निर्माण कम्पनीले ठेक्का सम्भौताका शर्तहरुबमोजिम आफ्नो करारीय दायित्व पूरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन-०६३ को दफा ५९(२) अनुसार ठेक्का अन्त्य गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ। निर्माण व्यवसायीहरु भने सरकारी रबैयाले असन्तुष्ठ देखिएका छन्।

## भ्रष्टाचार नियन्त्रणका सुझाव माग

काठमाडौं। बर्तमान सरकारले भ्रष्टाचार नियन्त्रणका सुझाव माग गरेको छ। आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रणका लागि कार्यालय प्रमुखलाईनै जिम्मेवार र जवाफदेही बनाउने भनिएको छ। त्यसका लागि सरकारकातर्फबाट तत्काल अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी, संस्थागत, प्रक्रियागत र व्यवहारगत पक्षमा सुधार ल्याउन गर्नुपर्ने सुझाव उपलब्ध गराउन सबैलाई आग्रह गरिएको छ। सेवाग्राहीसँग सभ्य व्यवहारगर्ने, कर्मचारीले तटस्थता, पारदर्शिता तथा कानूनमा उल्लिखित नैतिक एवं अनुशासनका विषयलगायत आचारसंहिताको कडाइकासाथ परिपालनागर्ने र गराउने प्रमुख दायित्व कार्यालय प्रमुखको भएको भनिएको छ। सरकारका मुख्यसचिव सुमनराज अर्यालले एक विज्ञप्ति जारीगरी हालै गठन भएको सरकारले सार्वजनिक निकायमा हुने नीतिगत, संस्थागत, प्रक्रियागतलगायत सबै किसिमका भ्रष्टाचारलाई अन्त्यगरी सुशासन प्रवर्द्धनगर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको स्पष्ट पार्नुभएको छ। उहाँले सरकारी कार्यालय र कर्मचारीलाई दक्ष, व्यावसायिक र सदाचारयुक्त बनाई जनविश्वास आर्जनगर्ने, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा असहायलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता दिने नीति सरकारले आत्मसात् गरेको बताउनुभएको छ। सरकारी निकायमा हुनसक्ने मोलमोलाहिजा, भ्रष्टाचार र अनियमितताका घटनाको सुक्ष्म निगरानी राख्ने, छड्के जाँचगर्ने गराउने र भ्रष्टाचारसम्बन्धी कुनै जानकारी प्राप्त हुनेबित्तिकै सम्बन्धित निकायमा लेखी पठाउनुहुन विज्ञप्तिमा अनुरोध गरिएको छ। सरकारी निकायमा कुनै किसिमको अनियमितता वा भ्रष्टाचारजन्य कार्य भएको पाइएमा निकाय तथा कार्यालय प्रमुखलाई नै प्रारम्भिकरुपमा जिम्मेवार बनाइने भएकाले सोहीबमोजिम गर्ने/गराउने व्यवस्थाका लागि विज्ञप्तिमा अनुरोध गरिएको छ।

## आठ महिनामा १४ खर्ब ४९ अर्ब भित्रियो

काठमाडौं, २० चैत। नेपालमा चालु आबको पछिल्लो आठमहिनामा विदेशमा गएका नेपालीबाट १४ खर्ब ४९ अर्ब ६५ करोडबराबरको विप्रेषण त्रिभिएको थाहा भएको छ। नेपाल राष्ट्र बैंकको पछिल्लो र ताजा विवरणअनुसार विप्रेषण आप्रवाहमा ३७.७ प्रतिशतले वृद्धिभएको हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो। गत फागुनमा विप्रेषण आप्रवाह एक खर्ब ८८ अर्ब ६४ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ५१ अर्ब १९ करोडबराबर थियो। सो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ प्रतिशतले वृद्धिभई १० अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष त्यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो। राष्ट्र बैंककाअनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १५ खर्ब ९१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ११ खर्ब ४९ अर्ब ३० करोड रहेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुईलाख ७३ हजार ५३६ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ५१ हजार ९८५ रहेको छ।

## व्यवसायी भट्ट प्रहरीको नियन्त्रणमा

काठमाडौं। सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा प्रहरीले व्यवसायी दीपक भट्टलाई नियन्त्रणमा लिएको छ। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले गतसाता काठमाडौंको गैरीधारा क्षेत्रबाट उहाँलाई नियन्त्रणमा लिएको प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभएको छ। ब्युरोले सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा भट्टमाथि अनुसन्धान गरिरहेको बताइन्छ। यसअघि विभागको पत्रकै आधारमा अध्यागमन विभागले भट्टलाई कालोसूचीमा राखेर विदेश जानसमेत रोकलगाएको थियो। भट्ट र उनी आबद्ध कम्पनी तथा त्यस मातहतका सम्पत्तिमा विभागले अनुसन्धान गरिरहेको बताइएको छ। डडेलधुरा घरभई काठमाडौंको सानेपामा बस्ने भट्ट पछिल्लो डेढ दशकयता निरन्तर सत्ता र शक्तिका प्रिय पात्रका रुपमा चिनिन्छन्। भट्टमाथी विगतमा सत्तापक्ष, प्रतिपक्ष, संसद्का राज्य व्यवस्था समिति र सार्वजनिक लेखा समितिलाई प्रभावमा पार्नेगरेको आरोप लाग्दैआएको थियो।

## जनताको....

करले रकम फिर्तागर्ने होइन, तिनको स्रोत खोज्ने हो। त्यो पैसा कहाँबाट ल्यायो ? स्रोत खोल्न सक्योभने फिर्ता दिने नत्र समात्ने। भ्रष्टाचार गरेको, राजश्व छलेको पैसा सहकारीमा लगेर राखिएको छ। त्यस्तालाई समात्ने कि जनताले तिरेको करबाट रकम फिर्ता दिने ? अहिले मन्त्रीमण्डलमा सबै विज्ञहरु छन्। अर्थमन्त्रीको पद अर्थविज्ञले सम्हालेका छन्। तैपनि यति सानो कुरा देख्दैनन्। मनन गर्न सक्दैनन् अनि कसरी अर्थविज्ञ भन्नु ? एउटा सरकारी पिऊनको काठमाडौंमा पाँच वटा घर छ। छोराछोरी महँगा स्कुलमा पढाएका छन्। मिठो खाएका छन्, सुकिलामुकिला बनेका छन्। पिऊनको तलबले छोराछोरी पढाएर काठमाडौंमा घर बनाउन सकिन्छ ? राज्यले त्यस्ताको सम्पत्ति खोजेर स्रोत नखुलेको राष्ट्रियकरण गर्नुपर्ने होइन ? सरकारी सम्पत्ति दोहन गरेर, व्यक्तिको नाममा लगेर धेरै पूँजीपति बनेका छन्। तिनलाई कारबाही गर्नुपर्ने होइन ? ०४६ सालपछि धेरैपटक प्रधानमन्त्री फेरियो। राजनीतिक दलबाट मात्र नभई कर्मचारी पनि प्रधानमन्त्री बने। पूवप्रधानन्यायाधीश सुशीला कार्की र खिलराज रेग्मी प्रधानमन्त्री भए। सुशीला त सम्पत्ति विवरण सार्वजनिक नै नगरिकन हिँडिन्। मन्त्रिपरिषद्ले गरेको एउटा निर्णयले देशको कायापलट हुन्छ। सरकारले जनता, कर्मचारी, राजनीतिक दल सबैको सम्पत्ति छानबिन गर्ने निर्णय गर्नुपर्छ, देश बन्छ। नेपाल विकसित मुलुकबाट धनी हुन्छ। यहाँ राज्य कंगाल छ, व्यक्ति मालामाल छन्। राज्यलाई खोक्रो बनाएर व्यक्ति मोटाएका छअस्। तिनलाई कानूनको दायरामा ल्याउन सकियो, देश धनी हुन्छ। सरकारले सम्पत्ति छानबिन गर्ने होभने कसैले भ्रष्टाचार र राजश्व छली गर्न सक्दैन। सरकारले नै खोजेर लैजाने भएपछि कसैले भ्रष्टाचार गर्ने आँट गर्छ ? बालेन्द्र शाह प्रधानमन्त्री भएको दुईसाता हुन लाग्यो। तर, घुस खानेक्रम रोकिएको छैन। जसको उदाहरण सल्लाघारी र राधेराधेको यातायात कार्यालय हो। लाइसेन्समा लाखौं रुपैयाँको चलखेल भइरहेको छ। सरकार फेरिएपनि कर्मचारी फेरिएका छैनन्। नानीदेखि लागेको बानी कर्मचारीले छोड्लान् ? सरकारले विदेश जानेको हकमा राम्रो निर्णय गऱ्यो। तर, यातायात क्षेत्रको हकमा कहिले गर्ने ? पाँच दशकदेखि कालो तथा हरियो प्लेटको ट्याक्सी, फो स्ट्रक टेम्पो, कालीमाटीमा चल्ने ढुवानी गाडीको दर्ता बन्द छ। यातायात व्यवसायीले पार्टीको झोला बोकेर जनतालाई दुःख दिइरहेका छन्। यो सरकारको त्यता आँखा जाला ? जनताले दुईतिहाई नजिक पुऱ्याएका छन्। हेरौं के-के गर्लान् ? एक साता बितिसक्यो, गर्नुपर्ने काम धेरै छन्। रास्वपा सरकारले यातायात क्षेत्रमा भएको सिण्डिकेट तोडे भने इतिहासमा लेखिनेछ। अहिले पनि २० वर्षे पुराना गाडीको स्क्र्याप गरेको नम्बर प्लेट ११ लाखमा खरिदबिक्री भइरहेको छ। सरकारमा आएकाहरुले जनताको रममा नभएर भ्रष्टहरुको गतिबिधिमा ध्यानदिनु उचित हुन्छ।

## आजका...

जन्मैदेखि कोही ठूलो र कोही सानो हुन्थे। नेपाल तराईका निवासी भोका र नाङ्गा छन्। , यसको निम्ति सरकारी भूमि व्यवस्था नै दोषी छ। तराईको अधिकांश भूमि प्राइम-मिनिस्टरका वंशजहरुको विर्ताकैरुपमा छ। यस प्रकार कम सेकम ६० प्रतिशत तराईको उब्जाउ भूमि ४०-५० व्यक्तिको निजी आम्दानी क्षेत्र भएको छ। लगभग १० प्रतिशत भूमि राजपरिवारका समर्थक गुरु-पुरोहितहरुको विर्ता छ। शेष ३० प्रतिशत भूमि ठूला जमिन्दार र साधारण रैकर खेतीवालामा विभाजित भूमिको वास्तविक अधिकार यसप्रकार केवल थोरै मानिसमा विभाजित भएकोले तराईका कमसे कम २० लाख निवासी भूमिहीन 'सुकुमवासी'किसानहरु नै छन्। राणा शासनले ब्रिटिस सरकारलाई कुनै पनि हालतमा खुसी राख्ने धन्दामा रह्यो। उनीहरुले नेपाललाई ब्रिटेन र ब्रिटिस-इण्डियाको तयारी माल समानको सुनिश्चित बजारमा परिणत गरे, नेपालमा तिनका व्यापारिक माल-समान र औद्योगिक उत्पादनको बेरोकटोक प्रवेश गराउने र तिनलाई बिभिन्न सहुलियत प्रदानगर्ने नीति लिए। राणाशाहीपछि दिल्ली दरबारकोआशिरवादले राजा त्रिभुवन दिल्ली पुगेपछि अंग्रेज भक्त राणाशाहीको पतन (सन् १९५०)भयो। (११) दिल्ली दरबारले राजा, राणा र नेकां (पछि स्वीकार गरेको) बीच (सन् १९५०मा) गरेको एक संझौताबाट राजतंत्र बलियो भयो। राजाले मातृकाप्रसाद कोईरालालाई प्रधानमन्त्री बनाई सन् १९५४ मा भारतको हितहुने गरी बदनाम कोशी संझौतागर्न लगाई दिल्ली दरवारको गुण फर्काए। सन् १९५९ मा (२०१६ साल ) नेकांको सरकारले भारतसँग बदनाम गण्डक संझौता गऱ्यो। सन् १९६० देखि राजाको हुकुमी (सैनिक)शासन शुरुभयो- पञ्चायतको नाममा राजाले आफ्नो शासन टिकाउन सन् १९६२मा चीन विरुद्ध नेपालका उत्तरी नाकाहरुमा भारतीय सैनिक चेकपोष्टहरु राख्न दिए। पछि अन्य ठाउँहरुबाट चेकपोष्टहरु हटेपनि कालापानी क्षेत्रबाट हटाईएन। जो अहिलेसम्म भारतीय सेनाको कब्जामा रहेको छ। सन् १९६५ मा भारतसँग गोप्य सैनिक सन्धि गरेर नेपाली सैनिकका लागि विदेशबाट हतियार झिकाउन परे भारतसँग स्वीकृति लिनुपर्ने गरी घुँडा टेके। त्यसै समयदेखि भारतीय स्थल प्रधान सेनापति नेपालको सैनिक कमानको पनि अनरेरी सेनाध्यक्ष रहिआएको छ। पञ्चायतकालमा खासगरी सन् १९६० को दशकमा औद्योगिक विकासले केही गति लिएको देखिन्छ। तर त्यसको कारण के थियोभने त्यो बेला तिब्बतमा कम्युनिष्ट शासन कायम भएपछि अमेरिकी नेतृत्वमा साम्राज्यवादीहरुले नेपाल लगायत समस्त हिमाली क्षेत्रमा कथित स्थिरता कायमगर्न चासो देखाएका, चीनसँगको युद्धमा हारेको कारण भारतीय विस्तारवाद केही समय किंकर्तव्य विमुढको स्थितिमा रहेको, चीनपनि सीमा सुरक्षाको हिसाबले र सोभियत संघले पनि यो क्षेत्रमा साम्राज्यवादी प्रभाव बढ्न नदिन नेपाललाई सहयोगगर्न तत्परता देखाएको, आदिको परिणाम स्वरुप देशमा मूलतःसोभियत संघ र चीन सरकारको सहयोगमा केही उद्योगधन्दाहरुको स्थापना भएको थियो। तर विस्तारवादी भारत नेपालमा उद्योगधन्दाको विकास भएको हेर्न चाहँदैन थियो। त्यसका लागि नेहरु सरकारले सन् १९५०को शान्ति तथा मैत्री संधि मार्फत नेपाललाई अंग्रेजले गरेकै साम्राज्यवादले अर्ध-औपनिवेशिक अवस्थामा राख्ने नीति लिएको कारण नेपालमाथि बिभिन्न ब्यापार तथा पारबहन सन्धि थोपरेकोले सन् १९७०को दशकमा यहाँको उद्योगिक गतिविधि नकरात्मक बन्न पुग्यो। उक्त कारणलेगर्दा सरकारले उद्योगधन्दा संचालनगर्न कठीनाई बेहोर्नु पऱ्यो। त्यसैले सन् १९८० को दशकमा नेपालले विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्राकोषबाट निर्देशित ढाँचागत समायोजन कार्यक्रमलाई स्वीकार गरी संरक्षणवादी औद्योगिक नीति परित्याग गरेकोले सार्वजनिक उद्योगधन्दा घाटामा जानथाल्यो। सन् १९९० को ऐतिहासिक जनआन्दोलनले पञ्चायतलाई ढाल्यो तर नयाँ बहुदलीय संसदवादी सरकारहरुले आठौं योजनामार्फत (१९९१-१९९५) पञ्चायतकै उक्त कार्यक्रमलाई अगाडि बढायो। साम्राज्यवादी हितमा उदारीकरण, निजीकरण र भूमण्डलीकरणको नीति स्वीकार गरेपछि विदेशीहरुले सहयोगको रुपमा बनाई दिएका ठूला उद्योगहरु कौडीको भाउमा दलाल पूँजीपतिहरुलाई बेच्ने काम गरे। त्यसले नेपालको आर्थिक वातावरणमा, प्रविधि हस्तान्तरणमा र रोजगारीमा गम्भीर र व्यापक असर पाऱ्यो। नेपाल सरकार सन् २००६ मा विश्व ब्यापार संगठनको सदस्य बनेपछि यहाँको आर्थिक (औद्योगिक) विकासमा झनै नकारात्मक प्रभाव बढ्न गयो तापनि त्यसले युवाहरुलाई बाहिरी मुलुकमा रोजगारीको ढोका खोली दियो। सन् २००६ मा अर्को ऐतिहासिक जनआन्दोलन भयो, मुलुक गणतन्त्रमा प्रवेश गऱ्यो तर मुलुकमा विकास अगाडि बढ्न सकेन। उदाहरणका लागि सन् १९८५ मा संयुक्त राष्ट्रसंघले नेपाललाई अति कम विकसित मुलुकको सूचिमा राखेको थियो र त्यसको कारण के दिएको थियोभने (क) अधिकांश जनता निर्वाहमूखि कृषिमा संलग्न, (ख) देशको निर्यात ब्यापारमा कच्चा पदार्थहरुको प्रमुखता, (ग) भूपरिवेष्ठित मुलुक : पहाडी भूभाग अधिक र समथर (तराई) भूमि कम, (घ) प्राकृतिक श्रोतहरुको कमि (विजुलीबाहेक), (ङ) प्रविधि र लगानीको अभाव, आदि। आज सन् २०२२ को सरकारी तथ्यांक हेर्दा कुल किसान परिवारको ८५ प्रतिशतले निर्वाहमुखी खेती गरेको, मुलुकको कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक उत्पादनको योगदान ५ प्रतिशतमात्रै रहेको, सरकारको विनालगानीको युवाहरुले विदेशमा श्रमगरी पठाएको रेमिटेन्स अर्थतन्त्रमा झण्डै ३० प्रतिशत योगदान गरेको, आजपनि कृषि र उद्योग क्षेत्रमा प्रविधि र लगानीको अभाव रहेको जस्को कारण आ.व.०८१/०८२ (सन् २०२४)मा नेपालको कुल बस्तु निर्यात २ खर्ब ४८ करोड रुपैयाँ थियोभने कुलबस्तु आयात.१६ खर्ब ४५ अर्ब थियो। व्यापार घाटा १३ खर्ब ९७ अर्ब थियो। रुस-युक्रेनबीच जारी युद्ध र मध्यपूर्वमा पुनः भड्केको युद्धको अन्त्य अनिश्चित देखिनुकासाथै संयुक्त राज्य अमेरिकाले बिभिन्न मुलुकका लागि नयाँ भन्सार दर लगायत व्यापार नीतिमा परिवर्तन गरेपछि विश्व अर्थतंत्रमा अनिश्चितता बढ्नगएकोछ। यसैकारण आज मानव समाजले अघोषित विश्वयुद्ध बेहोर्नु परिरहेकोछ। साम्राज्यवादी भनेको युद्ध हो। पश्चिमा साम्राज्यवादीहरु देशहरुले रक्षामा धेरै लगानीगर्ने पक्षमा देखिएका छन्। केही समयअघि नेटोको सदस्य मुलुकका सरकारहरुले आ-आफ्ना देशको रक्षा खर्च सन् २०३५ सम्ममा देशको कुल ग्राहस्थ उत्पादनको पाँच प्रतिशत पुऱ्याउने सहमति सार्वजनिक गरेका थिए। यसलाई नेटोले सैन्यीकरणतर्फ उल्लेख्य छलाङ भनेको थियो। यो खर्च कति होभने यो रकमलाई एक-एक डलरको गढ्ढीको चारवटा पिलर (चाङ) बनाएर ठडाइयो भने चन्द्रमा सम्मपुग्न सक्तछ। नेटोको उक्त रक्षाखर्च नयाँ श्रोतबाट आउने होइन। ती देशहरुले सामाजिक र वातावरणीय खर्चका लागि छुट्याइने बजेटबाट रकमान्तर गरिने हो। यसबाट विश्वले दुई स्थिति बेहोर्नु पर्नेछ। पश्चिमा साम्राज्यवादीहरुले रक्षा खर्चमा पाँच प्रतिशत वृद्धिगर्दा उनीहरुबाट सहयोग गरिने विश्वकै सामाजिक तथा वातावरणीय खर्चमा कम वा शून्य हुनगई त्यसबाट विश्वलाई गम्भीर नकरात्मक असर पर्नेछ। नेटोको रक्षा खर्च बढेपछि बाँकी न्यूक्लियर पावर मुलुकहरुले पनि रक्षा खर्चअनिवार्य बढाउनेछन्। यसबाट तेश्रो विश्वयुद्ध अनिवार्य र सन्निकट बन्नेछभन्ने अनुमानलगाउन सकिन्छ। धनी देशहरुको युद्ध खर्चमा बढोत्तरी हुने भएपछि विश्वमै उत्पादन, पर्यावरण र सामाजिक सुरक्षामा लगानी कम हुने वा शून्यहुन सक्ने परिस्थिति सिर्जना हुनेछ। नेपाल युद्धको भूमरीमा पर्नसक्नेछ। चीन विरुद्ध अमेरिकाले एमसीसीमार्फत नेपालमा सैन्य गतिविधि तेजगर्न सक्नेछ। अमेरिका र चीनबीचको अन्तरविरोध बढ्दै गएको र अमेरिकी ब्यापार नीतिका कारण भारत समेत ब्रिक्स मार्फत रुसी-चिनी ध्रुवमा उभिने स्थिति बनेमा नेपालमा अमेरिकी सेना भित्रिने संभावनाछ। दोश्रो, भारतीय विस्तारवाद नेपालमाथि आफ्नो अर्ध-उपनिवेश कायमै राख्न चाहन्छ। तेश्रो, चीन नेपालको भूमिबाट आफूलाई थ्रेट हुने स्थितिको सामना गर्न तयार हुनेछ र चौथो, नेपाल ब्राहमणवाद र दलाल पूँजीवादबाट पीडित राज्य भएकोले विकासमा अत्यन्त पछि परेको छ, र मुलुकको सत्व बचाउन सक्ने राजनीति बन्न सकेन। यस्तो स्थितिमा नेपालले अस्तित्वको संकट भोग्नुपर्ने देखिन्छ। नेपालको प्रारम्भिक इतिहासकालमा, खासगरी, बौद्ध धर्मको प्रवेश हुँदाको समयमा यहाँ खेतीपातीको साथसाथै हस्तकलाका वस्तुहरु तयार भई व्यापार समेत हुने गरेको देखिन्छ। सामन्तीकाल शुरु भएपछि (लिच्छविकाल)शहर निर्माण प्रकृयासँगै कृषि उत्पादन र हस्तकलाको बीच निनिमय हुन थाल्यो र बस्तु विनिमय नगर्ने विचौलिया (व्यापारी) वर्गको जन्मभयो। चीन-तिब्बत र भारत बीच व्यापार विस्तारले नेपालको आर्थिक उन्नतिमा ठूलो टेवा पुग्यो। मल्लकालमा यहाँ घरेलु उद्योगको विकास र विदेशसितको व्यापार फस्टाएको कारण व्यापारी पूँजीवादले विकास गऱ्यो। तर पृथ्वीनारायण शाहको शाहको गोरखा राज्यविस्तारले सामन्ती शोषण तीव्र भयो र आर्थिक विकास रोकिन गयो। (राज्यको काम जनताबाट कर उठाएर खाने भयो जनताको विकासगर्ने थिएन) सन् १८१६ को सुगौली सन्धिले त नेपाललाई ब्रिटिश-इण्डियाको अर्ध-उपनिवेश नै बनायो। त्यसपछि नेपाली बजार ब्रिटिश-उत्पादनको खुल्ला बजारमा परिणत गरियो। त्यसले नेपालको घरेलु उत्पादनहरुलाई विस्थापित गऱ्यो। राणा शासन त अंग्रेजहरुको पुरै दास बनेको थियो। सन् १९०४ मा ब्रिटिश-इण्डिया र चीन बीचमा चुम्बी उपत्यकाको व्यापारिक नाका खुलेपछि इण्डिया र चीनबीचमा व्यापार शुरु भएपछि नेपालले गर्दैआएको मध्यस्थ व्यापार पनि सुक्न गयो। सन् १९२३ मा नेपाल-ब्रिटिश-इण्डियाबीच भएको कथित मैत्री सन्धिले नेपालमाथिको औपनिवेशि करणलाई अझै तीव्र पाऱ्यो। यसरी नेपालमा विकास हुनथालेको व्यापारिक पूँजीवादको गला घोट्नेकाम गरियो। त्यसपछि नेपालीबजार पुरै अंग्रेजी माल सामानको नियन्त्रणमा पर्न गयो जसले नेपाली घरेलु उद्योग धन्दाहरुलाई पुरै सुकायो। त्यतिमात्र नभएर कमिशनको लागि ब्रिटिश सेनामा-नेपालका युवाहरुलाई भर्ती गराई नेपालको अलिअलि बचेको स्वाधीनता पनि जिम्मा लगायो। यसबाट शाह-राणा शासन पुरै नेपालको स्वाधीनता विकास विरोधी थियो भन्ने देखिन्छ। इण्डियाबाट ब्रिटिश शासन हटेपछि नेहरु सरकारले सन् १९५० मा नेपालमाथि ब्रिटिश सरकारले गरेको असमान सन्धिलाई हुबहु दोहोऱ्याउने काम गऱ्यो। नेपाल अब स्वतंत्र भारतको अर्ध-उपनिबेशमा परिणत भयो। दिल्ली दरबारको आसिरवादले सन् १९५१ म राजा बलियो भयो, राणाशाहीको पतन भयो। राजाले मातृका प्रसाद कोइरालालाई प्रधानमन्त्री बनाई सन् १९५४ मा भारतको हितमा बदनाम कोशी संझौतागर्न लगाई दिल्ली दरबारको गुण तिरे। सन् १९५९ मा नेकांको सरकारले भारतसँग बदनाम गण्डक संझौता गऱ्यो। राजाले शासन लिएपछि पञ्चायतले लिएको संरक्षणवादी नीतिको कारण सन् १९६० को दशकमा उद्योग-विकासले केही गति लिएको देखिन्छ तापनि सन् १९५० को सन्धिको आधारमा भारतले नेपालमाथि बिभिन्न ब्यापार तथा पारबहन सन्धि, संझौता थोपरेको कारण यहाँको सन् १९५० को दशकमा औद्योगिक गतिविधि नकरात्मक बन्न पुग्यो। सन् १९८० को दशकमा पश्चिमा साम्राज्यवादले थोपरेको उदारीकरणको नीति स्वीकारगरी भइरहेको संरक्षणवादी औद्योगिक नीति परित्याग गऱ्यो। सन् १९९० पछि बनेका बहुदलीय संसदीय ब्यबस्थाका सरकारहरुले पनि'उदारवादी' नीतिलाई नै अघिबढायो। त्यसैको कारण आज नेपालको उद्योगधन्दा रुग्ण अवस्थामा रहेकोछ, कृषिमा व्यवसायीकरण हुनसकेन र सन् २०२४ मा देशको व्यापारघाटा १४ खर्ब रुपैया पुगेकोछ। हाम्रो मुलुक बिदेशबाट युवाहरुले पठाएको रेमिटेन्समा निर्भर रहेको छ। भ्रष्टाचार र कुशासन सन् १९७२ पछिको सरकारहरुको मूलमंत्र भएकोछ, विकास होइन। राजा पृथ्वीनारायण शाहको यो राज्यलाई हिन्दुस्थान बनाउने ब्राम्हणवादी सामन्ती राजनीति र साम्राज्यवाद प्रथा विस्तारवादको दलाल पूँजीपतिहरुको राज्यसत्तामा पकड नै नेपालको आजको विकासको यो अवस्था हुनुको मुख्य जिम्मेवार रहेकोछ। स्वाधीन अर्थतंत्र बनाउने नयाँ जनवादी क्रान्ति नै यसको हल हुन सक्तछ। जसकाबारेमा बहस चलाउनु आजको आवश्यकता हो। **( लेखक : बरिष्ठ अर्बबिद् र राजनीतिक बिश्लेषक तथा बामपन्थी नेता हुनुहुन्छ। )**

## कृषि....

चोर्ने वा ठगेर खाने चलन आयो। अनि अशिक्षित शिक्षित व्यक्तिहरु कि अशिक्षितहरु ? पढ्दैमा, राम्रा लुगा लगाउँदैमा ठूलो मान्छे होइन्छ भन्ने भ्रम अब चिर्नुपर्छ। साथै, मुलुकलाई फेरि कृषिप्रधानका देश बनाउन तिर लाग्नुपर्छ। जसको अर्को बिकल्प छैन।

## लोकतान्त्रिक...

संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन। प्रणालीगत सुधार पनि आवश्यक छ। निर्वाचन प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता, र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरुमा सुधार हुनु अनिवार्य छ। जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरुमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ। शिक्षा र युवा सशक्तिकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन्। आजको युवापुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ। उनीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु, र उनीहरुको नेतृत्व क्षमता विकास गर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ। त्यस्तै गरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि, र अवसरको समान वितरण सुनिश्चित गर्नुर्ने आवश्यकता छ। केवल राजधानी वा शहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन। गाउँ र ग्रामीण क्षेत्रका नागरिकहरुको जीवनस्तर उकास्न र उनीहरुलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ। साथै, राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ। असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ। नेताहरुले व्यक्तिगत अहंकार र सत्ता संरक्षणको राजनीति परित्याग गरी साझा लक्ष्यमा केन्द्रित हुनु पर्छ। यसरी मात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जना गर्न सकिन्छ। अन्ततः, नेपालको राजनीति एक चरणगत यात्रा हो–जहाँ विगतका त्रुटिहरुबाट सिकेर भविष्य निर्माण गर्न सकिन्छ। आजको असन्तोष र परिवर्तनको संकेतले जनतालाई मात्र होइन, नेताहरुलाई पनि सचेत गराएको छ। यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्य प्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन्, र जनताको अपेक्षा पूरागर्ने दिशामा काम गर्छन् भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बन गर्न सक्छ। त्यसैले, यो समय आलोचना र दोषारोपणभन्दा बढी, सुधार, उत्तरदायित्व, र साझा प्रयासको हो। गत १९ गतेबाट प्रतिनिधिसभाको बैठक शुरुभएको छ। संभवत आज २२ गते संसदले नयाँ सभामुख पनि पाउने छ। त्यसैले सबैले बिवाद भन्दा सहमति र समयको निर्णयलाई आत्मसात गरेर अगाडि बढ्नु पर्दछ। जसको अर्को बिकल्प छैन।

## मध्यपूर्व....

खानेपानीको ट्यांकीमा पनि संक्रमण निम्त्याउनसक्ने चिन्ता विज्ञहरुले व्यक्त गरेका छन्। विषाक्त केमिकल, कडा धातु र अन्य प्रदूषणहरुले माटो, पानी, मानिस र जीव जन्तुको स्वास्थ्यमा पुऱ्याउने असर दशकौंसम्म रहनसक्ने संयुक्त राष्ट्रसंघमा कार्यरत इरानी वैज्ञानिक काभेह मदानीले बताउनु भएको छ। हर्मुजको अवरोधले ग्यास र कच्चा तेलको अभाव भएसँगै एशियाली देशहरुले उद्योगधन्दा सञ्चालनगर्न कोइलाको प्रयोग बढाएका छन्। एलएनजी प्राकृतिक ग्यास हो, जसलाई चिसो बनाएर तरल बनाइन्छ र सहजरुपमा भण्डार तथा आपूर्तिगर्न सकिन्छ। कोइलाबाट नवीकरणीय ऊर्जातर्फ अघिबढिरहेको विश्वका लागि एलएनजी ग्यासले साँघुको काम गरिरहेको छ। यो पनि जिवाश्म इन्धननै हो र यसको प्रयोगले मिथेन ग्यास उत्सर्जन हुन्छ। तर, कार्बन उत्सर्जन गर्ने कोइलाको दाँजोमा यसले वायुमण्डलमा निकै कम प्रदूषण फैलाउँछ। त्यहीकारण नवीकरणीय ऊर्जा र हरित अर्थतन्त्रलाई विकास गर्न खोजेका देशहरुले यसको प्रयोगलाई बढावा दिने र भविष्यमा नवीकरणीय ऊर्जातर्फ लम्कने योजना बनाएका थिए। तर अहिले उनीहरु नै कोइलामा निर्भर हुन बाध्य छन्। संकट आउनुअघि दक्षिण कोरियामा कोइला प्रशोधन गृहले ८० प्रतिशतभन्दा कम क्षमतामामात्रै काम सञ्चालनगर्न पाउँथे। यसको प्रतिशतलाई कम गरेर २०४० सम्म शुन्यमा झार्ने सरकारको लक्ष्य थियो। तर अहिले एलएनजी ग्यासको संकट देखिएसँगै दक्षिण कोरियाले यो सीमा हटाएर पूर्णसामर्थ्यमा कामगर्न कोइलाखानीहरुलाई निर्देशन दिएको बताइन्छ। जापानमा ५० प्रतिशतभन्दा धेरै क्षमतामा प्रशोधन गृह सञ्चालनगर्न नपाइने नियम थियो। अहिले यो सीमा हटाइएको छ। इन्डोनेसियाले आफ्नो घरेलु कोइलाको अधिकतम प्रयोग गरिरहेको छ। फिलिपिन्स, थाइल्यान्ड, भियतनामलगायत देशमा पनि यसको प्रयोग बढ्दो छ। भारतमा यसअघि नै औद्योगिक गतिविधिमा कोइलाको अत्याधिक प्रयोग हुने गरेको छ। धेरै कोइला जलाउँदा मुख्य शहरहरु प्रदूषित हुनेछन्। ग्लोबल कोलिशन पावरिङ पास्ट कोल एलाइन्सकी जुलिया स्कोरुप्स्काको भनाईमा कोइलामा अत्याधिक निर्भर हुनाले एशियाली देशहरुलाई भविष्यमा घाटा हुन्छ भन्ने रहेको छ। विश्वमा चीन कोइलाको प्रमुख उत्पादनकर्ता र खपतकर्ता हो। आफ्नो ऊर्जा सुरक्षामा सुधारगर्न सन् २०२१ यता उसले कोइला उत्पादनको सामर्थ्यलाई निकै बढाएको छ। त्यससँगै उसले ठूलो रुपमा नवीकरणीय ऊर्जा पनि लगानी गरिरहेको छ। भारत दोश्रो ठूलो कोइला उत्पादक तथा खपतकर्ता हो। यस झण्डै तीन महिनाका लागि कोइला भण्डारण छ। कोइलाको प्रयोगले वातावरण तथा जनस्वास्थ्यमा चुनौती निम्त्याउने गरेको छ। जलेको कोइलाबाट निस्कने कणहरु फोक्सो र रक्तनलीमा गहिरोसँग छिर्ने र यसले हृदयघात, स्ट्रोक, फोक्सो क्यान्सर, श्वासप्रश्वासजस्ता समस्या निम्त्याउने विश्व स्वास्थ संगठन (डब्ल्युएचओ) ले जनाएको छ। इनर्जी पोलिसी इन्स्टिच्युट अफ सिकागोको एक प्रतिवेदनअनुसार भारतमा सिंगो जनसंख्या यस्तो विषाक्त हावामा सास फेर्न बाध्य छ। भारतले केही समयअघि प्रदूषण नियन्त्रणका लागि वायु-गुणस्तर नियमहरु लगाएको थियो। यसरी इरान र अमेरिकाको युद्धले मानव जीवनलाई नै प्रत्यक्ष असरगर्न लागेको छ। तर सो युद्धको अन्त्य कहिले हुन्छ भन्ने एकिन हुन सकेको छैन।

## सबै....

अन्त्यमा हामी सरकारसित यो कदम तत्कालै फिर्ता लिन माग गर्दछौं। त्यसका साथै सबै राजधानी तथा मोफसलमा रहेका साना तथा स्वरोजगारयुक्त सञ्चारमाध्यमको प्रवर्द्धनका लागि ठोस कदक चाल्न सरकारसित माग गर्दछौं भन्नुभएको छ। नियामक नेपाल विज्ञापन बोर्ड, महालेखाको प्रतिवेदन र बिभिन्न अध्ययन प्रतिवेदनका तथ्यांक हेर्दा नेपालमा सरकारी विज्ञापनको आकार वार्षिक १० अर्ब ३९ करोड रुपैयाँभन्दा बढी छ। तर छुटपछिको वास्तविक बजार करिब चारअर्ब ८४ करोडमात्र देखिने गरेको छ। सञ्चार माध्यमहरुले सरकारी विज्ञापनमा ९५ प्रतिशतसम्म छुट दिने र विज्ञापन एजेन्सीहरुले सरकारी कर्मचारी सँगको मिलेमतोमा नक्कली बिल बनाएर भुक्तानी लिने प्रवृत्तिले राज्यकोषमा अर्बौंको क्षति पुगिरहेको छ। बर्तमान सरकारले निजी क्षेत्रका पत्रपत्रिका लगायतका सञ्चार माध्यम बिरुद्ध चालेको कदमले सरकारलाई ठूलै धक्का लाग्ने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। नेपालको छापा माध्यम पछिल्ला बर्षमा संकटग्रस्त बन्दै गएको अवस्थामा रास्वपाको नयाँ सरकारले लिएको नीतिले गर्दा बन्द हुने अवस्थामा पुगेको छ। सरकारले उक्त नीति फिर्ता लिनुका साथै छापा माध्यमका लागि बिशेष आरक्षणको व्यवस्था गर्नुपर्ने माग बढेर गएको छ।